BPA 2018

SAFA 2018

L&D BFIN 2023

CERTIFIED ISO 9001:2015 COMPANY

# २३ औं

# वार्षिक प्रतिवेदन

## आ.व. २०८०/८१

# महालक्ष्मी विकास बैंक लि.

# Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

सबल बैंक, सफल सहकार्य

# डिजिटल भविष्य निर्माण गर्दै

## (Navigating Future Digitally)



In the ever-evolving landscape of finance, Mahalaxmi Bikas Bank proudly leads the charge in navigating the future digitally. As a visionary financial institution, we recognize the imperative of embracing digital innovation to offer you unparalleled banking experiences.

## Seamless Banking, Anytime, Anywhere:

Discover the ease of managing your finances wherever life takes you. Mahalaxmi Bikas Bank's state-of-the-art digital platforms bring banking to your fingertips, whether you're at home, in the office, or on the move. From mobile banking to online transactions, we've curated a suite of digital services to harmonize with your dynamic lifestyle.

## Innovative Solutions for Modern Living:

The future is now, and so are our banking solutions. Mahalaxmi Bikas Bank is committed to delivering cutting-edge, tech-driven services that simplify your financial life. Stay at the forefront with features like contactless payments, biometric security, and AI-powered financial insights tailored to your unique needs.



## Security You Can Trust:

Your financial security is our utmost priority. Rest assured, our digital platforms are fortified with state-of-the-art security measures. Through advanced encryption technologies and stringent security protocols, we ensure your data is safeguarded, solidifying the trust you place in us.

## Personalized Digital Experiences:

At Mahalaxmi Bikas Bank, we recognize your uniqueness. Our digital platforms are crafted to provide personalized experiences, delivering tailored recommendations, insights, and financial tools aligned with your goals and aspirations.

## Future-Ready Partnerships:

To remain on the cutting edge of digital innovation, we actively engage in partnerships with leading tech firms and fintech startups. This ensures you, our esteemed customer, have access to the latest advancements and future-ready financial solutions.

Join us on this exciting digital journey as we redefine the future of banking together. At Mahalaxmi Bikas Bank, the future is not merely a destination – it's an ongoing, dynamic experience.

# Navigate the Future Digitally with Mahalaxmi Bikas Bank. Start Your Odyssey Today!

# सञ्चालक समिति (Board of Directors)



**राजेश उपाध्याय**
अध्यक्ष

**शैक्षिक योग्यता : स्नातकोत्तर**

**सम्बन्धित संघ संस्थाहरु :**

* बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) को उपाध्यक्ष ।
* सन २००६ देखि २००८ सम्म ग्लोबल आई.एम.ई बैंकको सञ्चालकको रुपमा कार्य अनुभव ।
* एन.एल.जि ईन्सुरेन्समा सञ्चालक तथा लेखापरीक्षण समिति संयोजक पदमा रही ४ बर्षको कार्य अनुभव ।
* साबिकको मनकामना डेभलपमेण्ट बैंकमा मिति २०६७।४।२१ देखि २०७०।०३।३० सम्म सञ्चालकको कार्य अनुभव ।
* साबिकको यती डेभलपमेण्ट बैंकमा मिति २०७१।०२।२९ देखि मिति २०७४।०३।१५ र महालक्ष्मी विकास बैंक मा मिति २०७४।०३।१८ देखि हालसम्म सञ्चालक समितिको अध्यक्षको रुपमा कार्यरत ।

**शैक्षिक योग्यता : स्नातकोत्तर**

**सम्बन्धित संघ संस्थाहरु :**

* साबिकको महालक्ष्मी फाईनान्समा मिति २०६१।०१।११ देखि सञ्चालक पदमा नियुक्त भई साबिकको महालक्ष्मी विकास बैंक र हालको महालक्ष्मी विकास बैंकमा सो मिति देखि हालसम्म सञ्चालकको रुपमा कार्यरत ।
* महालक्ष्मी विकास बैंकको लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिमा कार्य गरेको अनुभव रहेको ।
* सन २०१७ देखि २०१८ रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ को District Governor रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ ले २ देश नेपाल र भुटानलाई समेट्छ, जसमा ५,८३३ भन्दा बढी सदस्य र १५३ क्लब आवद्ध छन ।



**संजय गिरी**
सञ्चालक



**दिपक कुमार रौनियार**
सञ्चालक

**शैक्षिक योग्यता : स्नातकोत्तर**

**सम्बन्धित संघ संस्थाहरु :**

* सन २०१४ देखी २०१६ सम्म पावर ट्रांसमिशन कम्पनीको संचालक समितिमा रहि गरेको कार्य अनुभव ।
* सन २०१७ देखी २०१८ सम्म अपर तामाकोशी हाइड्रोपावर, विद्युत उत्पादन कम्पनी र बेतन कर्णाली हाइड्रोपावर कम्पनीमा कार्य अनुभव ।
* सन २००८ देखी २०१२ र २०१७ देखी २०१७ सम्म क्लिन ईनर्जी डेभलपमेन्ट बैंकमा संचालक तथा सन २०१७ देखी २०१९ सम्म नेपाल एस.बि.आई बैंकको संचालकको रुपमा रही कार्य गरेको अनुभव ।
* सन २०१२ देखी २०१६ सम्म जल विद्युत लगाानी तथा विकास कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा रही कार्य गरेको अनुभव ।
* सन २०१६ देखी २०१८ सम्म कर्मचारी संचय कोषको कार्यबाहक प्रमुख कार्यकारी अधिकृत पदमा रही कार्य गरेको अनुभव ।
* मति २०७८।११।१३ देखि महालक्ष्मी विकास बैंकको सञ्चालक तथा लेखापरीक्षण समितिको संयोजकको रुपमा कार्यरत ।

**शैक्षिक योग्यता : एस.एल.सि.**

**सम्बन्धित संघ संस्थाहरु :**

* साबिकको महालक्ष्मी फाईनान्समा २०५५।०६।२९ देखि २०७३।०५।१७ सम्म सञ्चालक पदमा कार्यरत, तत् पश्चात साबिकको महालक्ष्मी विकास बैंकको सञ्चालक पदमा रहि २०७३।०५।१८ सम्म कार्य गरेको अनुभव ।
* हालको महालक्ष्मी विकास बैंकमा मिति २०७५।१।२१ देखि हालसम्म सञ्चालक पदमा कार्यरत ।
* महालक्ष्मी विकास बैंकको लेखापरीक्षण समितिमा विभिन्न अवधीमा कार्य गरेको अनुभव ।



**श्याम सुन्दर रुंगटा**
सञ्चालक



**रुपेन्द्र पौडेल**
सञ्चालक

**शैक्षिक योग्यता : स्नातकोत्तर**

**सम्बन्धित संघ संस्थाहरु :**

* साबिकको मनकामना डेभलपमेण्ट बैंकमा मिति २०६७।१२।१० देखि २०७०।३।३० सम्म सञ्चालक पदमा रहि कार्य गरेको अनुभव।
* साबिकको रिलायबल फाईनान्स र सिद्धार्थ डेभलपमेण्ट बैंकमा समेत सञ्चालक पदमा रहि कार्य गरेको अनुभव ।
* साबिक यती डेभलपमेण्ट बैंकमा मिति २०७०।०३।३१ देखि मिति २०७२।२।३० सम्म र महालक्ष्मी विकास बैंकमा मिति २०७४।०३।१८ देखि हालसम्म सञ्चालक साथै जोखिम व्यवस्थापन समितिको संयोजक पदमा समेत कार्यरत ।



**राहुल अग्रवाल**
सञ्चालक

**शैक्षिक योग्यता : स्नातकोत्तर**

**सम्बन्धित संघ संस्थाहरु :**

* मिति २०७५।१।२१ देखि हालसम्म महालक्ष्मी विकास बैंकको सञ्चालक तथा लेखापरीक्षण समितिको सदस्यको रुपमा कार्यरत रहेको ।
* महालक्ष्मी विकास बैंकको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको संयोजक पदमा रही कार्य गरि सकेको ।



**अम्बिका श्रेष्ठ**
सञ्चालक

**शैक्षिक योग्यता : स्नातकोत्तर**

**सम्बन्धित संघ संस्थाहरु :**

* २३ बर्ष भन्दा बढि समय बिभिन्न बैंक तथा बित्तीय क्षेत्रको प्रमुख कार्यकारी अधिकृत सहित बिभिन्न पदमा रहि कार्य गरीसकेको अनुभव ।
* सन २०१४ देखी २०१९ को अवधीमा विभिन्न विदेशी संस्थाहरुको नेपालमा रही Consultantant को रुपमा रहि कार्य गरेको अनुभब ।
* मिति २०७८।३।२१ देखि बैंकको सञ्चालक पदका कार्यरत रहि कर्मचारी सेवा सुबिधा समितिको संयोजकको रुपमा समेत कार्यरत रहेको ।



**सोमराज पन्त**
कम्पनी सचिव

**शैक्षिक योग्यता : स्नातकोत्तर**

**सम्बन्धित संघ संस्थाहरु :**

* विगत २१ वर्ष देखि कम्पनी सचिबको रुपमा कार्यरत रहदै आएको ।

# उच्च व्यवस्थापन समूह (Senior Management)



**दिपेश लम्साल**
प्रमुख कार्यकारी अधिकृत



**ध्रुवराज तिवारी**
नायब प्रमुख
कार्यकारी अधिकृत



**जलज कुमार अधिकारी**
सहायक प्रमुख
कार्यकारी अधिकृत



**अमित बहादुर चन्द**
सहायक प्रमुख
कार्यकारी अधिकृत



**अनुज आचार्य**
सहायक प्रमुख
कार्यकारी अधिकृत



**सुवास जोशी**
कार्यवाहक सहायक प्रमुख
कार्यकारी अधिकृत

# विभागिय प्रमुखहरु



**नवराज कार्की**
प्रमुख कर्जा असुली तथा गैह्र बैकिंङ सम्पति व्यवस्थापन



**संजय कुमार श्रेष्ठ**
केन्द्रीय कर्जा



**सन्तोष कुमार गौतम**
सम्पति शुद्धिकरण तथा अनुपालन



**संजिव पन्त**
केन्द्रिय कर्जा प्रशासन



**रघुनाथ कोईराला**
कर्जा असुली



**बसन्त बक्सी**
निक्षेप, बजार तथा कर्पोरेट संचार



**पारस मणि थपलिया**
कार्ड तथा ई-बैंकिङ्ग



**शेखर आचार्य**
संचालन



**राजेश लामिछाने**
सामान्य प्रशासन



**बिशाल राज कार्की**
मानव संसाधन



**पृथ बहादुर सुनार**
सूचना प्रविधि



**आशिष अधिकारी**
आन्तरिक लेखापरिक्षण



**सुशिल तिमलसिना**
कर्जा जोखिम

# प्रदेश प्रमुख



**दिपक कुमार गुप्ता**
कोशी प्रदेश



**सुदीप चन्द पोखरेल**
मधेश प्रदेश



**प्रकाश घिमिरे**
बागमती प्रदेश क



**शम्भु प्रसाद पराजुली**
बागमती प्रदेश ख



**गणेश प्रसाद आचार्य**
गण्डकी प्रदेश



**गौतम गुप्ता**
लुम्बिनी प्रदेश क



**खगेन्द बहादुर साउद**
लुम्बिनी प्रदेश ख



**सुनिल कुमार नेपाल**
सुदुरपश्चिम प्रदेश

# असीम डिजिटल भविष्य

## (A Boundless Digital Future)



# २०८१ आषाढ मसान्त सम्मको मुख्य सुचाङ्कहरु:

**५६.१२ अर्ब**
निक्षेप

**४.१७ अर्ब**
चुक्ता पूंजी

**१४.६३ अर्ब**
धितोपत्र लगानी

**२.५७ अर्ब**
जगेडा कोष

**४४.९५ अर्ब**
कर्जा

**१.९६ अर्ब**
खुद व्याज आम्दानी

**०.७५ अर्ब**
संचालन मुनाफा

**७.५२ लाख**
सन्तुष्ट निक्षेप ग्राहक

**०.५० अर्ब**
खुद मुनाफा

**२२.७८ हजार**
सन्तुष्ट ऋणी ग्राहक

**१०३**
शाखा सञ्जाल

**४९** एटिम

**१२६,२९५**
डेबिट कार्ड

**३२,८३४**
डिम्याट खाता

**४८६,६८७**
मोबाइल बैंकिङ्ग

**१७,९७५**
क्युआर सेवा

**८४०**
कर्मचारी संख्या

# विगत पाँच वर्षहरूको वित्तिय झलकहरू

## शेयर पूँजी तथा जगेडा कोषहरू

(करोडमा)




## कुल सम्पत्ति

(करोडमा)




## कर्जा लगानी

(करोडमा)



## निक्षेप संकलन

(करोडमा)




## पूंजी प्रर्याप्तता अनुपात

(प्रतिशतमा)




## कर्जा निक्षेप अनुपात

(प्रतिशतमा)




## खुद व्याज आम्दानी

(करोडमा)



## संचालन आम्दानी

(करोडमा)




## खुद नाफा

(करोडमा)



## प्रति शेयर आम्दानी




## प्रति शेयर नेटवर्थ



# आजको बचत
# भोलिको खुशी !






# OUR PROFILE

Mahalaxmi Bikas Bank Limited (MBBL), is one of the largest development banks of Nepal with paid up capital of Rs. 4.17 billion. Strong foundation, clear vision and commitment to move forward have capacitated MBBL to already serve its 29 years in banking sectors, maximizing customer satisfaction and shareholder's value and providing excellent career growth opportunity to staffs. It is leading development bank in providing quality banking services and products with good governance and sound financial result to wide range of customer through its 103 branches and 49 ATMs and 840 staffs. It is being promoted and managed by prominent personalities with good educational and professional background. MBBL has incorporated corporate social responsibility as an integral part of its plan and is being actively involved in uplifting the society and community. The Bank believes in delivering shareholder value in a socially, ethically and environmentally responsible manner.

## Vision

To become **"The Most Trusted Bank"** to the customers, to the employees, to the stockholders and to the regulators through the process of continuous innovation and improvement, strong corporate governance and professional work culture

## Mission

Our Mission is to offer safety of deposits & render best services to the customers, build the best place to work with, provide best & perpetual returns to the stockholders with the strict compliance to the regulations.

## Corporate Values

In achieving our vision to be the most trusted bank, we are committed to upholding our core five values as follows:

- Customer centric
- Respecting all forms of diversity
- Committing towards high level of ethics, governance and professionalism
- Focusing towards innovation
- Being accountable for all our actions

| प्रदेश | आषाढ २०८१ | | आषाढ २०८० | |
|---|---|---|---|---|
| | शाखा संख्या | एटिम संख्या | शाखा संख्या | एटिम संख्या |
| प्रदेश १ (कोशी प्रदेश) | ५ | ४ | ५ | ४ |
| प्रदेश २ (मधेश प्रदेश) | १५ | ७ | १५ | ६ |
| प्रदेश ३ (बागमति प्रदेश) | ३७ | १५ | ३७ | १५ |
| प्रदेश ४ (गण्डकी प्रदेश) | ९ | ४ | ९ | ३ |
| प्रदेश ५ (लुम्बिनी प्रदेश) | १८ | १० | १८ | ८ |
| प्रदेश ६ (कर्णाली प्रदेश) | २ | ० | २ | ० |
| प्रदेश ७ (सुदुर-पश्चिम प्रदेश) | १७ | ९ | १७ | ७ |
| जम्मा | १०३ | ४९ | १०३ | ४३ |

| विवरण | टिप्पणी |
|---|---|
| स्टक प्रतिक | MLBL |
| क्षेत्र | विकास बैंक |
| शेयर रजिस्ट्रार | सिद्धार्थ क्यापिटल लि. |
| जम्मा सुचिकृत शेयर संख्या | ४१,७१३,१८६ |
| जम्मा चुक्ता पूँजी | ४,१७१,३१८,६०० |
| शेयर सुचिकृत मिति | २३ अगस्ट, २०१० |

| विवरण | आ.व. २०८०/८१ |
|---|---|
| अधिकतम मुल्य (रु.) | ३६२.८० |
| न्युनतम मुल्य (रु.) | ३१४.५० |
| अन्तिम मुल्य (रु.) | ३५२.०० |
| जम्मा कारोबार शेयर संख्या | ९,१२५,४६७ |
| जम्मा कारोबार दिन | २२९ |

## केन्द्रीय कार्यलय


**महालक्ष्मी विकास बैंक लि.**
**दोश्रो तल्ला, अन्नपूर्ण आर्केड–२**
**दरबारमार्ग, काठमाडौं, नेपाल**
**फोन नं:** ०१–५३६८७१९
**टोल फ्रि नं:** १६६००११५०१५
**ईमेल:** info@mahalaxmibank.com.np

BPA 2018
SAFA 2018

www.mahalaxmibank.com




# BANKING.... ANYTIME

## Mahalaxmi Mobile Banking

bank in the most convenient way

Scan & Pay | Insurance Payment
Utility Bills | Send or Receive Money

GET IT ON Google Play
Download on the App Store

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

सबल बैंक, सफल सहकार्य

# डिजिटल सफलता तर्फ

## (Pathway to Digital Success)



# Key Achievement

### FY 2080/81

ISO 9001:2015 Certified

BFIN L&D Excellence Award 2023

Initiated Cross Border QR Payment

### FY 2079/80

Organized "Mahalaxmi Corporate Cricket League 2080' successfully.

Lunched Mahalaxmi Credit Card

### FY 2078/79

Revamped its existing mobile banking system into Omnichannel system with BankXP service.

Organized 'Mahalaxmi Corporate Cricket League 2078' successfully.

Balance Sheet size crossed NPR 50 Billions

### FY 2077/78

Launched Contactless (NFC – Near Field Communication) based payment Card making payment easier and hassale free. Higest dividend declaration of 21.05%

### FY 2076/77

Awarded with 'Best Presented Annual Report Award 2018' by ICAN in Nepal.

Received SAFA award in Bangladesh for financial report and the certificate of Merit for its emphasis for corporate governance

### FY 2075/76

Launched Chip Based USD Dollar card enhancing the advanced security based card transaction.

### FY 2074/75

Mega merger 'Mahalaxmi Bikas Bank ltd.' & 'Yeti Development Bank' as "Mahalaxmi Bikas Bank ltd."

becoming a leading and largest bank in national level development bank sector.

### FY 2073/74

Awarded with 'Best Enterprise' & 'Manager of the Year' by reputed European Business Assembly in UK.

# विषय-सुची
## Table of Contents


| शिर्षक | पृष्ठ संख्या |
|---|---|
| प्रोक्सी फारम (प्रतिनिधि पत्र) | ०१ |
| तेइसौं वार्षिक साधारण सभाको सूचना | ०३ |
| असार मसान्त २०८१ सम्मको मुख्य विवरण तथा सुचनाहरु | ०६ |
| अध्यक्षज्यूको मन्तब्य | ०८ |
| सञ्चालक समितिको वार्षिक प्रतिवेदन | १२ |
| संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | २९ |
| धितोपत्र दता तथा निष्काशन नियमावली २०७३ को नियम २६(२) सँग सम्बन्धित थप विवरणहरु | ३८ |
| कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ बमोजिमको अतिरिक्त विवरण | ४४ |
| लेखापरीक्षण प्रतिवेदन | ४८ |
| वित्तीय विवरण | ५२ |
| वितरण योग्य नाफा वा नोक्सान सम्बन्धी विवरण | ६२ |
| प्रमुख लेखा नीतिहरु | ६३ |
| खुलासा तथा थप जानकारी | १०३ |
| अपरिष्कृत र परिष्कृत वित्तीय विवरणको तुलना | १०९ |
| प्रमुख परिसुचकहरु | १११ |
| धितोपत्र निष्काशन निर्देशिका २०६५ को दफा २८ सँग सम्बन्धित विवरण | ११२ |
| नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशित गर्न दिइएको स्वीकृति पत्र | ११४ |
| नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशित गर्न दिइएको निर्देशनको प्रतिउत्तर | ११५ |
| प्रबन्धपत्रमा र नियामवलीमा संशोधन /परिमार्जन तथा थपको तिन महले विवरण | ११६ |
| टिपोट | ११७ |

"SCAN TO CHASE YOUR DREAMS"

**साधारण सभामा आफ्नो प्रतिनिधि नियुक्त गर्ने प्रोक्सी फारम (प्रतिनिधि पत्र)**
(कम्पनी ऐन २०६३ को दफा ७१ को उपदफा (३) संग सम्बन्धित)
**प्रोक्सी फारम**

श्री संचालक समिति
महालक्ष्मी विकास बैंक लिमिटेड,
दरबारमार्ग, काठमाडौं ।

विषय : **प्रतिनिधि नियुक्त गरेको बारे ।**

..............................जिल्ला..........................................म.न.पा. / उपम.न.पा. / न.पा/गा.पा वडा.नं.............बस्ने म/हामी ..............................................ले महालक्ष्मी विकास बैंक लिमिटेडको शेयरधनीको हैसियतले मिति २०८१ साल पौष महिना २९ गते सोमवार हुने २३ (तेइस) औं वार्षिक साधारण सभामा म/हामी स्वंम उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो / हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागी ..................... जिल्ला........... .............. ........ म.न.पा. / उपम.न.पा. / न.पा/गा.पा वडा.नं.............बस्ने त्यस बैंकका शेयरधनी श्री...... ....................................लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएकाछौं।

**प्रतिनिधि नियुक्त भएको ब्यक्तिको :**

हस्ताक्षरको नमुना :....................

शेयरधनी न ..............................

हितग्राही खाता नं. ...............

**निबेदक**

दस्तखत : .....................................

नाम : ..........................................

ठेगाना : ........................................

शेयरधनी नः .......................................

हितग्राही खाता नं.: ........................

संस्थापक शेयर संख्या : ...............

साधारण शेयर कित्ताः ....................

जम्मा शेयर कित्ता : ..................

मितिः २०८१/९/

***द्रष्टब्य : यो निबेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालय दरबारमार्ग, काठमाण्डौमा दर्ता गरी सक्नुपर्नेछ । (शेयरधनी बाहेक अन्य ब्यक्तिहरुलाई प्रतिनिधि नियुक्त गर्न सकिने छैन)***

----------*------------*-----------*---------------*  -------------

**प्रवेश-पत्र**

शेयरधनीको नाम.................................................... शेयरधनी नं / हितग्राही खाता नं ...............................

शेयर संख्या (संस्थापक ........................, सर्वसाधारण .....................) जम्मा: ..............................

महालक्ष्मी विकास बैंक लिमिटेडको मिति २०८१ साल पौष २९ गते सोमबारका दिन हुने तेइसौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरीएको प्रवेश–पत्र ।

शेयरधनीको हस्ताक्षर .....................

कम्पनीको छाप

कम्पनी सचिव

.........................................................................................................................................

***द्रष्टब्य : १) शेयरधनीहरू आफैंले खाली ठाउंहरुमा भर्नु हुन अनुरोध छ ।***
***२) सभाकक्षमा प्रबेश गर्न यो प्रबेश–पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ ।***

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

# घरको सपना पूरा गर्नुहोस् अब

## महालक्ष्मी ग्रीन होम लोनसंग !

## ८.९९%

वार्षिक ब्याजदर



* T&C Applied

www.mahalaxmibank.com

# महालक्ष्मी विकास बैंक लि.को तेईसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस महालक्ष्मी विकास बैंक लि.को मिति २०८१/०९/०५ गते शुक्रवार (तद्अनुसार २० डिसेम्बर २०२४) बसेको सञ्चालक समितिको ६११ औं बैठकको निर्णयानुसार यस विकास बैंकको तेईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०८१ साल पौष महिना २९ गते सोमबार (तद्अनुसार १३ जनवरी, २०२५) ।**

**समय : विहान १०.०० बजे ।**

**स्थान :** Alice Receptions **(एलिस रिसेप्सन्स), सुवर्ण सम्शेर मार्ग, गैह्रीधारा, काठमाडौं ।**

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु:–**

(१) अध्यक्षज्युको मन्तब्य सहित तेईसौ बार्षिक साधारण सभा (आ.व.२०८०/०८१) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारीत गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०८०/०८१ को नाफा नोक्सान हिसाव एबं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/०८१ को वितरणयोग्य मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूंजी रु.४,१७,१३,१८,६००/- (अक्षरेपी चार अर्व सत्र करोड तेह्र लाख अठार हजार छ सय मात्र) को ४ प्रतिशतले हुने रु.१६,६८,५२,७४४/- (अक्षरेपी सोह्र करोड अठसठ्ठि लाख वाउन्न हजार सात सय चौवालिस मात्र) नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख) बिशेष प्रस्तावहरु :–**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/०८१ सम्मको वितरणयोग्य मुनाफा रकमबाट शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पूंजीको ३ प्रतिशतका दरले हुन आउने रकम रु.१२,५१,३९,५५८/- (अक्षरेपी बाह्र करोड एकाउन्न लाख उनन्चालिस हजार पाँच सय अन्ठाउन्न मात्र) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव पारीत गर्ने ।

(२) बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूंजी वृद्धि गर्न पारीत भए अनुसार प्रबन्धपत्रको दफा ५ (ख), (ग), संशोधन/ परिमार्जन गर्ने, सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारीत भए पश्चात नियमावलीको नियम २९ (ख) को (१) (२) र नियम २९ (घ) को (अ) (आ) समेतका दफा, नियमहरुमा संशोधन / परिमार्जन गर्ने ।

(३) बिकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था संबन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**तेईसौ वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी:**

(१) तेईसौ वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०८१/०९/१६ गते १ दिन यस विकास बैंकको शेयरधनी दर्ता किताब (Book Close) बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१४ गतेसम्म कारोवार भई म्याद भित्र यस विकास बैंकको शेयर रजिष्ट्रार, सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र आ.व. २०८०/०८१ मा वितरण गर्न घोषणा गरिएको बोनस शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।

(२) आर्थिक विवरण सहितको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक प्रतिवेदन पुस्तिका शेयरधनी महानुभावहरुलाई विकास बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा पठाईने छ । कुनै कारणबस शेयरधनी महानुभावहरुले समयमा बार्षिक प्रतिवेदन पुस्तिका प्राप्त गर्न नसकेमा यस विकास बैंकको केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं वा शेयर रजिष्ट्रार, सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्सालबाट प्राप्त गर्न सक्नुहुनेछ । कम्पनी ऐन २०६३ को दफा ८४ को प्रयोजनार्थ संक्षिप्त आर्थिक विवरण शेयरधनीहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ । साथै संक्षिप्त आर्थिक विवरण लगायतका बार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु बैंकको website:www.mahalaxmibank.com.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

(३) सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनु हुने शेयरधनीहरुले प्रोक्सी फारम भरी सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कार्यालय समय भित्र विकास बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि विकास बैंकको शेयरधनी हुनुपर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरि सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा शुरु हुने भनी तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वत: बदर हुनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गर्नुपर्नेछ । कुनै किसिमबाट छुट्याई दिएमा उक्त प्रोक्सी बदर गरिनेछ । यस सम्बन्धमा साधारण सभामा विवाद गर्न पाईने छैन ।

(४) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन विहान ९:०० बजेदेखि नै खुल्ला गरिनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

(५) सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

(६) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारहरुद्वारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले

र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न पाउनेछन् ।

(७) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट यस विकास बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएका महानुभावहरुले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ ।

(८) यस विकास बैंकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले यस विकास बैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछन् । प्रतिनिधि (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नेछन् ।

(९) साधारण सभाको काम कारवाहीहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम हुनेछ ।

(१०) छलफलका बिषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कुनै प्रस्ताब भएमा छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषयको जानकारी कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा दिनुपर्ने छ ।

(११) शेयरधनी महानुभावहरुले ब्यक्त गर्नु भएका जिज्ञासा, मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले वा सञ्चालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको ब्यक्तिले जवाफ दिन सक्नुहुनेछ ।

(१२) सभाको सुरक्षाका कारण सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने ब्यक्तिको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन्।

(१३) साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक भएमा यस विकास बैंकको केन्द्रीय कार्यालयको फोन नं ५३६८७१९, ५३२३८०८ वा मो.नं. ९७०९०३६१९१ मा कार्यालय समय भित्र विकास बैंकको केन्द्रीय कार्यालय अन्नपूर्ण आर्केड–२, दरबारमार्ग, काठमाडौं वा यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।

.....................................

सञ्चालक समितिको निर्णयानुसार
(कम्पनी सचिव)

# असार मसान्त २०८१ सम्मको मुख्य विवरण तथा सुचाङ्कहरु

| | |
|---|---|
| कम्पनीको प्रकार | पब्लिक लिमिटेड कम्पनी |
| रजिष्ट्र्ड कार्यालय | अन्नपूर्ण आर्केड–२ दरबारमार्ग, काठमाडौं |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति, दर्ता नं | २०५६/०९/०७,१०५४३५–०५६/०५७ |
| नेपाल राष्ट्र बैंकबाट कारोबार स्वीकृति प्राप्त मिति | २०५८/०२/१७ |
| कारोबार शुरु भएको मिति | २०५८/०३/०५ |
| कार्य क्षेत्र | राष्ट्रियस्तर |
| शाखा सञ्जाल संख्या | १०३ (२५ काठमाडौं उपत्यका भित्र) |
| कुल कर्मचारी संख्या | ८४० |
| शेयर सुचिकरण मिति | २०६७/०५/०७ |
| पूँजी संरचना | अधिकृत पूँजी रु. ८,०००,०००,०००/– |
| | जारी पूँजी रु. ४,१७१,३१८,६००/– |
| | चुक्ता पूँजी रु. ४,१७१,३१८,६००/– |
| प्रस्तावित बोनस शेयर (३ प्रतिशत) | १२५,१३९,५५८/– |
| प्रस्तावित नगद लाभांश (४ प्रतिशत) | १६६,८५२,७४४/– |
| नेटवर्थ | रु. ६,७४४,१२९,६८४/– |
| नेटवर्थ प्रति शेयर | रु. १६१.६८ |
| शेयर संरचना | संस्थापक ५१ प्रतिशत |
| | सर्वसाधारण ४९ प्रतिशत |
| शेयर धनीको संख्या | संस्थापक: ६८८, सर्वसाधारण: ७३,४८३ |
| कुल निक्षेप | रु. ५६,१२४,४२९,४९६/– |
| कुल कर्जा तथा सापटी | रु. ४४,९४५,७८५,०५७/– |
| खुद नाफा | रु. ५००,३६४,९२५/– |
| प्रति शेयर आम्दानी (बोनस शेयर समावेश गर्नु अघि) | १२.०० |
| बचतकर्ता संख्या | ७५२,३४१ |
| ऋणी संख्या | २२,७८६ |
| पूँजीकोष पर्याप्तता | १४.९३% |
| कर्जा तथा निक्षेप अनुपात (CD Ratio) | ८०.८३% |
| निष्कृय कर्जा र कुल कर्जा अनुपात | ४.०७% |
| तरलता अनुपात | ३३.५३% |
| ब्याजदर अन्तर | ४.५९% |

महालक्ष्मी विकास बैंक लि.

**Mahalaxmi Bikas Bank Ltd.**

सबल बैंक, सफल सहकार्य

# CONVENIENT TRANSACTIONS

## at Your Fingertips with the MLBL Credit Card.



# अध्यक्षज्यूको मन्तब्य



**आदरणीय शेयरधनी महानुभावहरु,**

यस महालक्ष्मी विकास बैंक लिमिटेडको २३ औ वार्षिक साधारण सभामा उपस्थित हुनुभएका आदरणीय शेयरधनी महानुभावहरु, सञ्चालकज्यूहरु, नियमनकारी निकायका प्रतिनिधिहरु, बैंकका वाह्य तथा आन्तरीक लेखापरीक्षक, बैंकका प्रमुख कार्यकारी अधिकृत तथा बैंकमा कार्यरत कर्मचारीहरु, पत्रकार बन्धुहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा बैंक सञ्चालक समिति तथा मेरो ब्यक्तिगत तर्फबाट यहाँहरु सबैलाई यस गरिमामय सभामा हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दै समग्र बजारमा देखिएको उतार चढावका बावजुत पनि यहाँहरुको सहयोग र सद्भावका कारण बैंक निरन्तर प्रगति गर्दै अघि बढी रहेको प्रति बैंकको शेयरधनी महानुभावहरुलाई धन्यबाद दिन चाहन्छु ।

ग्राहकको सन्तुष्टी नै कुनै पनि ब्यावसायीक संस्थाको सफलता हो भन्ने कुरालाई मनन् गर्दै बैंकिङ्ग सेवालाई छिटो, छरितो, सबल तथा आधुनिकीकरण बनाउन Digital Transformation योजना कार्यान्वयनमा ल्याईसकिएको छ । सूचना प्रविधि नै आधुनिक बैंकिङ्गको आधारशिला तथा ग्राहक वर्गहरुको सन्तुष्टिको मुख्य आधार भएको कुरालाई मनन् गर्दै सुचना प्रविधिलाई सबल र विश्वसनीय बनाउनका लागि आवश्यक नीति तर्जुमा गरि सुचना प्रबिधि, जोखिम व्यवस्थापन र कर्मचारी व्यवस्थापनलाई सुदृढिकरण गर्दै लगिएको छ ।

बैंकले आफ्ना ग्राहकहरुलाई क्रेडिट कार्ड, डलर कार्डको सेवा प्रदान गरिरहेको छ । अनलाईन खाता खोल्ने प्रणालीको विकास, सोही प्रणालीवाट आफ्ना ग्राहक पहिचान विवरण अद्यावधिक गर्न सकिने समेत व्यवस्था मिलाईएको छ । मानव रहित प्रणालीको विकास गर्नको लागि Automation को प्रकृया अगाडि बढाईएको छ । व्यवस्थापनले छिटो छरितो निर्णय लिनको लागि आवश्यक व्यवस्थापन सूचना प्रणाली MIS लाई स्वचालित बनाईएको छ । सो प्रणाली मार्फत समय समयमा सञ्चालक समितिलाई समेत वित्तीय प्रतिवेदनहरु पेश गर्ने प्रणालीको विकास गरिएको छ । कर्मचारीहरुको कार्यसम्पादन मुल्याकंन गर्ने पद्धतिलाई ब्यवस्थित र पारदर्शी बनाएका छौ । 3D Secure (3DS) Transactions (Online Credit Card Secure & OTP ) लागु गरेका छौं ।

संस्थागत अनुपालना (Corporate Governance) को सुदृढिकरणमा जोड दिदै भबिष्यमा बैंकलाई थप प्रतिष्पर्धि तथा सबल बनाउने सन्दर्भमा ब्यवस्थापकिय तहमा अनुभवी कर्मचारीहरु पदपुर्ति समेत गरिएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

बैंकले दिगो वित्तीय सफलता हासिल गर्नको लागि नीतिगत रुपमा अल्पकालिक तथा दीर्घकालिन रणनीतिहरु तय गरेको छ । उक्त नीति मार्फत बैंकले आफ्नो कारोबारहरु तथा आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउनका साथै सेवाहरुमा सबलिकरण गरिनेछ । बैंकले व्यावसाय बृद्धि संगै संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै समग्र रुपमा बैंकिङ्ग क्षेत्रमा देखिने जोखिम व्यवस्थापनलाई न्यूनिकरण गर्ने तर्फ बिशेष ध्यान दिई कार्य अगाडी बढाईरहेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत समाजसंग जोडिएर काम गर्ने र समुदायहरुको दिगो आर्थिक र सामाजिक विकासको प्रवर्द्धन र उत्थानमा अग्रसर हुने नीतिलाई प्राथमिकतामा राखी बैंकको शाखाहरुबाट बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको र यसलाई निरन्तरता दिईनेछ ।

उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्यका साथै ***"सबल बैंक सफल सहकार्य"*** भन्ने नारालाई चरितार्थ गर्न बैंकले व्यवसाय बृद्धि, मानव संशाधनको विकास तथा आधुनिकीकरण, कर्मचारीहरुको बृत्ति विकास तथा तालिम, संस्थागत सुशासन, जोखिम व्यवस्थापन, नीति तथा कार्याविधिको पूर्ण परिपालना, ब्रान्डिङ्गमा जोड, अन्य संस्थाहरुसंगको सहकार्य, लगायतका विषयहरु समेटि ४ बर्षे रणनीतिक योजना स्वीकृत गरी कार्य अगाडी बढाईसकिएको ब्यहोरा अवगत गराउन चाहान्छु ।

बैंकले नियमनकारी निकायको निर्देशन पूर्ण पालना गर्दै आन्तरिक सुशासनलाई मजबुद बनाउन गैर कार्यकारी सञ्चालकको

संयोजकत्वमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरी उक्त समिति मार्फत सिफारिस भएका नीतिगत सुधारलाई व्यवस्थापनले प्रभावकारी ढंगले कार्यान्वयन गरिरहेको छ ।

बैंकिङ्ग क्षेत्रमा देखिएका कतिपय प्रतिकूल वातावरणका कारण यस बैंकले अपेक्षाकृत व्यबसाय बृद्धि गर्न नसकेतापनि संयमतापुर्बक कर्जा लगानी गरेका कारण समिक्षा वर्ष आ.व.२०८०/०८१ को मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजीको ७ प्रतिशत (३ प्रतिशत बोनश शेयर र ४ प्रतिशत नगद लाभांश) ले हुन आउने रु.२९,१९,९२,३०२/-(अक्षरेपी उनन्तीस करोड उन्नाईस लाख बयानब्बे हजार तिनशय दुई मात्र) दिन सफल भएका छौ । सो प्रस्ताव यसै वार्षिक साधारण सभामा पेश गरेका छौ । आर्थिक गतिबिधिमा आएको संकुचनबाट ब्याबसाय बृद्धिमा कमि, ब्याज बृद्धि, कर्जा जोखिम व्यवस्थापनका लागि प्रोभिजिनिङ्गमा बृद्धि भएतापनि यस आ.व.मा सन्तोषजनक लाभांश दिन सक्षम भएका छौं । मर्जर पश्चात बैंकले निम्न बमोजिम लाभांश वितरण गरेको व्यहोरा यहांहरुलाई पुनः स्मरण गराउन चाहन्छु ।

| सि.नं. | आर्थिक बर्ष | चुक्ता पूंजी (रु) | वोनस शेयर (प्रतिशत) | नगद लाभांश (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | २०७३/०७४ | २,६३,३७,९७,४३४/- | - | ९ | ९ |
| २ | २०७४/०७५ | २,६३,३७,९७,४३४/- | ८ | ७ | १५ |
| ३ | २०७५/०७६ | २,८४,४५,०१,२३०/- | ८ | ९.८९(कर प्रयोजनार्थ समेत) | १७.८९ |
| ४ | २०७६/०७७ | ३,०७,२०,६१,३२८/- | ८.८० | ०.४६ (कर प्रयोजनार्थ) | ९.२६ |
| ५ | २०७७/०७८ | ३,३४,२४,०२,७२४/- | २० | १.०५२६ (कर प्रयोजनार्थ) | २१.०५२६ |
| ६ | २०७८/०७९ | ४,०१,०८,८३,२६९/- | ४ | ६.४७ (कर प्रयोजनार्थ समेत) | १०.४७ |
| ७ | २०७९/०८० | ४,१७,१३,१८,६००/- | - | ६.४ (कर प्रयोजनार्थ समेत) | ६.४ |
| | **जम्मा** | | **४८.८०** | **४०.२७** | **८९.०७** |

कार्यालय प्रयोजनका लागि बैंकको ज्ञानेश्वर स्थित जग्गामा भवन बनाउने कार्य मिति २०८१ मार्ग ५ मा शिलान्यास भई निर्माणको कार्य प्रारम्भ भैसकेको जानकारी गराउन चाहन्छु ।

विदेशी बैंकको अनुभवबाट फाईदा लिई बैंकलाई थप प्रतिष्पर्धि तथा सबल बनाउने सन्दर्भमा उपयुक्त विदेशी बैंक तथा वित्तीय संस्थालाई रणनीतिक साझेदारका रुपमा प्रवेश गराउन २२ औं वार्षिक साधारण सभाबाट स्वीकृत भई बैंकको प्रवन्धपत्रमा समेत अद्यावधिक भई सकेको जानकारी गराउन चाहन्छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ वाट शिथिल वनेको विश्व अर्थतन्त्र विस्तारै चलायमान हुन लागि रहेको अवस्थामा रुस/युक्रेन तत् पश्चात ईजरायल/प्यालेष्टाईन बीच भएको द्वन्दले गर्दा विश्व अर्थतन्त्र कमजोर हुनपुगेको, जसको प्रत्यक्ष असर हाम्रो देशमा समेत पर्न गयो । एकातिर विश्व अर्थतन्त्र कमजोर हुनु, सरकार परिवर्तन भैरहनु, नियमनकारी निकायका नीति, निर्देशनहरु समय सापेक्ष बजारअनुकुल परिमार्जन नहुनुको कारण लगानीकर्ताहरुमा कमजोर मनोवल सृजना भई बैंकको आर्थिक कारोवारमा प्रत्यक्ष तथा परोक्ष रुपमा प्रभाव पर्न गएको छ । तर नियमनकारी निकायका नीति निर्देशनहरु भबिष्यमा परिमार्जन भै विस्तारै कर्जाको मागमा वृद्धि हुने र बैंकको आर्थिक कारोवार बढने अपेक्षा गरेका छौं ।

समिक्षा वर्ष २०८०/०८१ मा उच्च मूल्य वृद्धि दरको कारण देशको आर्थिक क्रियाकलापहरुमा सुस्तता आई समग्र क्षेत्रहरुको विकासमा कमी आएको छ । मुलत :विप्रेषणको आयमा बृद्धि भएको कारण तरलतामा बृद्धि भएको छ । तुलनात्मक रुपमा ब्याज खर्च बृद्धि भई बैंकको आम्दानीमा संकुचन आएको छ । जसको कारण समग्र व्यवसाय वृद्धिमा कमी देखिएको छ । बैकिङ्ग प्रणालीको निष्कृय कर्जाको अनुपात केही बढेको कारण बैंकहरुमा जोखिमको तह बढेको अवस्था देखिएको छ ।

हाल वित्तीय श्रोतको प्रर्याप्तताका कारण निक्षेपको ब्याजदरमा गिरावट आई एकल अंकमा ऋणको ब्याजदर कायम भएतापनि बजारमा कर्जाको मागमा वृद्धि हुननसक्नु चिन्ताको विषय भएको छ । नयाँ व्यवसायहरु संचालनमा आउन नसकेको कारण बैंकमा लगानीयोग्य रकमको मात्रा वढेको छ । जसका कारण कर्जाको ब्याजदरमा समेत दवाव परेको छ । बैंक तथा वित्तीय संस्थाहरु लक्षित आन्दोलन र सामाजिक सञ्जालहरुमा बैंक तथा वित्तीय संस्थाहरु प्रतिको नकारात्मक समाचार सम्प्रेषण र प्रतिक्रियाहरुको कारण कर्जा असुलीमा समेत प्रत्यक्ष प्रभाव पर्न गएको अवस्था छ । यसका वाबजुद सहि ढंगले व्यवस्थापन गर्दै लैजान बैंक व्यवस्थापन सक्षम रहेको यहाँहरुलाई विश्वास दिलाउन चाहन्छु । बैंकिङ क्षेत्रमा देखिएका कतिपय प्रतिकुल वातावरणका बावजुद पनि बैंकले आफ्ना वित्तीय सूचकाङ्कहरुमा आशा लाग्दो प्रगति गरेको छ ।

कसिलो मौद्रीक नीतिका कारण कर्जाको मागमा संकुचन आउनुको साथै बैंकको गैह्र ब्याज आम्दानीमा कमी देखिएको छ भने ब्याज आम्दानीको ठूलो रकम असुली हुन सकेको छैन । बजार बृद्धि अनुपात न्युन रहेको र नियमन निकायहरुको कसिलो नीतिको कारण समेतले मुनाफामा संकुचन आएकोले अत्यावश्यक बाहेक हामिले सम्भव भएसम्म खर्चहरु घटाउने नीति अवलम्बन गरेका छौ । खर्च र पूँजी दुवैको व्यवस्थापनमा कुशलता

कायम गरेका कारण बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका बीच पनि यस बैंकले वित्तीय क्षेत्रमा आफ्नो सफल तथा फरक पहिचानलाई निरन्तरता दिन सक्षम रहेको जानकारी गराउन चाहन्छु ।

आगामी दिनहरुमा प्राप्त अवसरहरुलाई सहि तरिकाले उपयोग गर्दै ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न आफ्ना सेवालाई विशिष्टीकरण गर्दै अझै बढी सक्षमताका साथ गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

यस आर्थिक बर्षमा आशातीत व्याबसाय बृद्धि हुन नसकेतापनि यस बैंकको सबै आधारभुत सुचकाङ्कहरु सबल रहेको तथा "To Be The Most Trusted Bank" भन्ने हाम्रो Vision प्राप्तिको दिशामा बैंक अघि बढिरहेको जानकारी गराउन चाहन्छु ।

बैंकले हालसम्म हासिल गरेका उपलब्धिहरु तथा गतिविधिहरु, भबिष्यको योजना बारेमा संचालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ब्यहोरा आदरणीय शेयरधनी महानुभावहरुमा जानकारी गराउन चाहन्छु ।

केन्द्रीय बैंकबाट प्राप्त निर्देशनको पूर्ण परिपालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै केन्द्रीय बैंकको सक्षम सुपरिवेक्षणका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दछौ ।

अन्तमा, यस २३ औ वार्षिक साधारण सभामा उपस्थित शेयरधनीज्यूहरु एवं अतिथिज्यूहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यहाँहरुबाट प्राप्त निरन्तर सहयोग तथा सद्भावका लागि आभार प्रकट गर्दछु । यस बैंकलाई प्रगति र सफलतातिर लैजान प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग तथा सुझाव दिने शेयरधनी महानुभावहरू, बैंक सञ्चालक समितिका सदस्यहरु, ग्राहकहरू, अन्य नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ लि. तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षक, बैंकका सम्पूर्ण कर्मचारीहरू एवं समस्त शुभेच्छुकहरू प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि सदा झैं यहाँहरूको सहयोग र शुभेच्छा प्राप्त भइरहने विश्वास लिएको छु । भविष्यमा पनि सदा झैं यहाँहरुको साथ, सहयोग र मार्गदर्शन प्राप्त हुने आशा एवम् विश्वास लिदैं ग्राहक महानुभावहरुलाई पहिलो र उच्च प्राथमिकतामा राखेर बैंकका सेवाहरु र कार्यसम्पादनको स्तरलाई अझै माथि उकास्दै आगामी दिनहरूमा हाम्रा आदरणीय ग्राहक महानुभावहरू, शेयरधनी महानुभावहरू र सरोकारवालाहरूलाई सेवामा विविधिकरण गर्दै सरल, सहज, पारदर्शी र उत्कृष्ट सेवा प्रदान गर्ने अठोट गर्दछौ ।

वार्षिक साधारणसभामा यहाँहरुलाई पुनःस्वागत गर्दै सबैको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

राजेश उपाध्याय
अध्यक्ष- सञ्चालक समिति
महालक्ष्मी विकास बैंक लि.

# WE ARE PROUD TO ANNOUNCE WE ARE NOW

## ISO 9001:2015 CERTIFIED



# महालक्ष्मी विकास बैंक लि.को तेईसौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदन

## आ.व. २०८०/८१

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस महालक्ष्मी विकास बैंक लिमिटेडको तेइस्सौ वार्षिक साधारण सभामा हाम्रो न्यानो आतिथ्यता स्वीकार गरी उपस्थित हुनुभएका आदरणीय शेयरधनी महानुभावहरु, नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छौं ।

विश्व अथर्तन्त्र पश्चिमी देश रुस/युक्रेन, इजरायल/प्यालेस्टाइनबीचबीचको द्वन्दमा जुध्नु परेको अवस्था रहेको छ । यसले विश्व अर्थतन्त्रको साथै नेपालको अर्थतन्त्र समेत प्रभावमा परेको छ । यस्तो कठिन परिस्थितिका बाबजुद पनि बैंकले आर्थिक वर्ष २०८०/८१ मा राम्रो उपलब्धी हासिल गर्न सफल रहेको छ । यस सम्मानित सभामा म सञ्चालक समितिको तर्फबाट आर्थिक तथा बैंकिङ्ग क्षेत्रको परिसूचक प्रस्तुत गर्दै बैंकको गत आर्थिक वर्षको कार्यको समीक्षा तथा भावी कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

### १. अन्तर्राष्ट्रिय परिदृष्य

केही समय यता रुस/युक्रेन, इजरायल/प्यालेस्टाइनबीच जारी युद्ध तथा विश्व आर्थिक भुराजनीतिको कारण विश्वव्यापी रुपमा आर्थिक गतिविधिहरु प्रभावित भएका छन् । सुन, पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा उच्च रुपमा वृद्धि भएको छ । विश्व व्यापार गतिविधि तथा पूँजी प्रवाह प्रभावित भएको छ । यसले गर्दा कोभिड तथा आर्थिक अस्थिरताबाट प्रभावित भई पुनरुत्थान हुन लागेको विश्व अर्थतन्त्रमा थप चुनौती थपिएको छ । विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि परेको छ ।

नेपालको सन्दर्भमा पनि मूल्य एवम् बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब र लगानीयोग्य साधनमा आएको संकुचनका कारण अर्थतन्त्रको पुनरुत्थानसँगै उच्च आर्थिक वृद्धिदर हासिल गर्ने दिशामा चुनौती सिर्जना भएको छ । यसको प्रत्यक्ष असर नेपालको आर्थिक बृद्धिदर, महङ्गी नियन्त्रण, आर्थिक स्थायित्व, विकास निर्माण, रोजगार सिर्जना, पूंजी परिचालन र सर्वसाधारणको दैनिक जीवनयापनमा पर्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको जुलाई २०२४ को प्रकाशित आर्थिक सर्वेक्षण प्रतिवेदन अनुसार,सन् २०२३ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२४ मा ३.२ प्रतिशतमा सीमित हुने देखिएको छ । विकसित अर्थतन्त्रको वृद्धिदर अघिल्लो वर्षको १.७ प्रतिशतको तुलनामा सन् २०२४ मा १.८ प्रतिशतले विस्तार हुने र उदीयमान तथा विकासशील अर्थतन्त्रको वृद्धिदर अघिल्लो वर्षको ४.४ प्रतिशतको तुलनामा सन् २०२४ मा ४.३ प्रतिशतमा सीमित हुने कोषको प्रक्षेपण छ ।

विश्व अर्थतन्त्रको मुद्रास्फीतिमा क्रमिक सुधार हुँदै गएको छ । विकसित अर्थतन्त्रहरुको मुद्रास्फीतिमा उल्लेख्य सुधार भई लक्ष्यउन्मुख रहेका छन् भने उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको मुद्रास्फीति भने अझै उच्च रहेको छ । सन् २०२३ मा विश्व अर्थतन्त्रको उपभोक्ता मुद्रास्फीति ६.७ प्रतिशत रहेकोमा सन् २०२४ मा ५.९ प्रतिशत रहने कोषले प्रक्षेपण गरेको छ । त्यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति सन् २०२३ मा ८.३ प्रतिशत रहेकोमा सन् २०२४ मा ८.२ प्रतिशत र सन् २०२५ मा ६.० प्रतिशत हुने प्रक्षेपण छ ।
विश्वका केही केन्द्रीय बैंकहरुले पछिल्लो समय मौद्रिक नीतिको कार्यदिशालाई खुकुलो बनाउन शुरु गरेका छन् भने अधिकांश केन्द्रीय बैंकहरुले कसिलो मौद्रिक नीतिको कार्यदिशालाई अझै निरन्तरता दिएका छन् । युरोपियन केन्द्रीय बैंकले भने मुद्रास्फीति लक्षित सीमाभित्र आएसँगै नीतिगत दर घटाएको छ । अन्य विकसित मुलुकका केन्द्रीय बैंकहरुले निकट भविष्यमा नीतिगत दरहरु घटाउदै लैजाने अन्तर्राष्ट्रिय मुद्राकोषको पछिल्लो आँकलन रहेको छ ।

### २. मुलुकको समष्टिगत आर्थिक तथा बैकिङ्ग क्षेत्रका परिसूचकहरू

#### २.१ कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.८७ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर १.८६ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन ३.०५ प्रतिशत, उद्योग क्षेत्रको १.२५ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि ४.५० प्रतिशत वृद्धि रहने अनुमान छ । अघिल्लो वर्ष कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन क्रमश: २.७३ प्रतिशत, ०.५९ प्रतिशत र २.३३ प्रतिशतले वृद्धि भएको थियो ।

## २.२ वैदेशिक व्यापार

आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यातमा ३.० प्रतिशतले कमी आई रु. १५२ अर्ब ३८ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले कमी भएको थियो । समीक्षा वर्षमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात ३.३ प्रतिशत र ४.३ प्रतिशतले घटेको छ भने चीन तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ४६.६ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा जिंक शिट, पार्टिकल बोर्ड, जुस, पोलिष्टर धागो, पिना लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, सोयाविन तेल, ऊनी गलैचा, ब्रान्स, जुटका सामान लगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा वर्षमा कुल वस्तु आयात १.२ प्रतिशतले कमी आई रु.१५९२ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३.० प्रतिशत र १७.६ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४.२ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा यातायात उपकरण, सवारी साधन तथा स्पेयर पार्टपुर्जा, तयारी पोशाक, हवाइजहाजको स्पेयर पार्टपुर्जा, विद्युत्तीय उपकरण, अन्य मेशिनरी तथा पार्ट्स लगायतका वस्तुको आयात बढेको छ भने कच्चा सोयाविन तेल, सुन, हट रोल्ड शिट इन क्वायल, कच्चा पाम तेल, धान तथा चामल लगायतका वस्तुको आयात घटेको छ।

समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा १.० प्रतिशतले कमी आई रु.१४४० अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो घाटा १५.५ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.६ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ९.७ प्रतिशत रहेको थियो ।

## २.३ चालु खाता,

आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु.२२१ अर्ब ३४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष ३६ करोड ६ लाखले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा १ अर्ब ६६ करोडले बचतमा रहेको छ ।

समीक्षा वर्षमा पुँजीगत ट्रान्सफर २२.९ प्रतिशतले कमी आई रु.५ अर्ब ८१ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु.८ अर्ब ४० करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु.७ अर्ब ५४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.६ अर्ब १७ करोड रहेको थियो।

## २.४ शोधनान्तरको स्थिति

समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.५०२ अर्ब ४९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.२८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब १७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ३ अर्ब ७७ करोडले बचतमा रहेको छ।

## २.५ विप्रेषणको स्थिति

आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु.१४४५ अर्ब ३२ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह २३.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.५ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ८६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो।

## २.६ वैदेशिक रोजगारको स्थिति

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४६०,१०३ र पुनः श्रम स्वीकृति लिनेको संख्या २८१,१९९ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ४९७,७०४ र २७७,२७२ रहेको थियो।

## २.७ ब्याजदर

२०८० असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ६.३५ प्रतिशत रहेकोमा २०८१ असारमा ३.०० प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०८० असारमा ३.१४ प्रतिशत रहेकोमा २०८१ असारमा २.९९ प्रतिशत रहेको छ।

२०८० असारमा वाणिज्य बैंकहरुको औसत आधार दर १०.०३ प्रतिशत, विकास बैंकहरुको १२.१५ प्रतिशत र वित्त कम्पनीहरुको १३.४१ प्रतिशत रहेकोमा २०८१ असारमा औसत आधार दर क्रमशः ८.०० प्रतिशत, ९.७१ प्रतिशत र ११.२१ प्रतिशत कायम भएको छ।

## २.८ निक्षेप परिचालन

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप रु.७४२ अर्ब३७ करोड (१३.० प्रतिशत) प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप रु.६२७ अर्ब २५ करोड (१२.३ प्रतिशत)प्रतिशतले बढेको थियो।

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५.८ प्रतिशत, ३०.३ प्रतिशत र ५६.४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.७ प्रतिशत, २६.६ प्रतिशत र ५८.९ प्रतिशत रहेको थियो।

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.२ प्रतिशत रहेको छ। २०८० असार मसान्तमा यस्तो निक्षेपको अंश ३६.६ प्रतिशत रहेको थियो ।

### २.९ कर्जा तथा सापट

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.२७६ अर्ब ९४ करोड (५.८ प्रतिशत) ले प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा रु.१७५ अर्ब ९४ करोड (३.८ प्रतिशत) ले प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.३ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६२.७ प्रतिशत र ३७.३ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ५.८ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह ५.० प्रतिशतले र वित्त कम्पनीहरुको ७.७ प्रतिशतले बढेको छ ।

२०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये ६६.५ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३.२ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०८० असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६८.० प्रतिशत र ११.६ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २२.२ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ९.६ प्रतिशतले, मार्जिन प्रकृति कर्जा १८.१ प्रतिशतले र ट्रष्ट रिसिट (आयात) कर्जा १२.६ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा २२.० प्रतिशतले, ओभरड्राफ्ट कर्जा ४६.३ प्रतिशतलेर डिमान्ड तथा चालु पुँजी कर्जा १७.६ प्रतिशतले घटेको छ ।

### २.१० तरलता व्यवस्थापन

आर्थिक वर्ष २०८०/८१ मा स्थायी निक्षेप सुविधामार्फत रु.३५२२ अर्ब ३५ करोड र निक्षेप संकलन बोलकबोलमार्फत रु.११५१ अर्ब २५ करोड गरी कुल रु.४६७३ अर्ब ६० करोड तरलता प्रशोचन गरिएको छ ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले पटक पटक गरी स्थायी तरलता सुविधामार्फत रु.१ अर्ब २० करोड र ओभरनाइट तरलता सुविधामार्फत रु.८०३ अर्ब ५६ करोड गरी कुल रु.८०४ अर्ब ७६ करोड तरलता उपयोग गरेका छन् । फलस्वरुप, समीक्षा वर्षमा खुद रु.३८६८ अर्ब ८४ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षमा खुला बजार कारोबार र स्थायी तरलता सुविधा लगायतका विभिन्न उपकरणमार्फत खुद रु.५४०९ अर्ब ९९ करोड तरलता प्रवाह गरिएको थियो ।

## ३. विगत वर्षको बैंकको कारोवारको सिंहावलोकन

आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) बमोजिमको सर्वमान्य लेखाको सिद्धान्तका आधार मा तयार गरिएको छ। आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण अनुसार यस बैंकको वित्तीय स्थितिको तुलनात्मक अवस्था तथा प्रमुख सुचकाङ्कहरू देहाय बमोजिम रहेका छन् ।

| वासलात हिसाब | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | वृद्धि/(ह्रास) |
|---|---|---|---|
| शेयर पुँजी | ४,१७१,३१८,६०० | ४,१७१,३१८,६०० | ०.००% |
| जगेडा तथा कोषहरू | २,५७२,८११,०८४ | २,२७३,७८०,२९१ | १३.१५% |
| निक्षेप | ५६,१२४,४२९,४९६ | ५३,५१९,२६९,५८४ | ४.८७% |
| कर्जा तथा सापटी | ४४,९४५,७८५,०५७ | ४१,८०९,२१६,५०६ | ७.५०% |
| लगानी | १४,६२५,१६३,५३९ | १३,५४८,२४७,०७७ | ७.९५% |
| कुल सम्पत्ति | ६४,६८८,९९५,२१८ | ६१,८५७,३७४,१३७ | ४.५८% |
| **नाफा नोक्सान हिसाब** | **आ.व. २०८०/८१** | **आ.व. २०७९/८०** | **वृद्धि/(ह्रास)** |
| खुद ब्याज आम्दानी | १,९६६,४२३,२७५ | १,९४६,०६२,७५८ | १.०५% |
| अन्य संचालन आम्दानी | ४७,६६९,४४० | ४४,३८५,३५० | ७.४०% |
| सञ्चालन खर्च | १,१५१,५३६,१०८ | १,०९५,१३२,६२६ | ५.१५% |
| सञ्चालन मुनाफा | ७४८,४०९,०३१ | ५७०,८५५,०२० | ३१.१०% |
| खुद मुनाफा | ५००,३६४,९२५ | ३७७,५५४,९२८ | ३२.५३% |
| **वित्तिय अनुपातहरु** | **आ.व. २०८०/८१** | **आ.व. २०७९/८०** | **वृद्धि/(ह्रास)** |
| पुँजीकोष पर्याप्तता | १४.९३ % | १२.९९ % | १४.९३ % |
| प्रति शेयर आम्दानी | १२.०० | ९.०५ | ३२.६०% |
| निष्कृय कर्जा | ४.०७% | ३.५१% | १५.९५% |

### ३.१ पुंजीकोष पर्याप्तता अनुपात

बैंकले Capital Adequacy Framework 2015 अनुरुप पूंजीकोष गणना गर्दै आएको छ। समीक्षा अवधिको असार मसान्तमा बैंकको प्राथमिक पूँजी अनुसार ११.८० प्रतिशत र समग्र पूँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio) १४.९३ प्रतिशत रहेको छ।

### ३.२ पुँजी संरचना

आ.व २०७९/८० को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. ४ अर्ब १७ करोड १३ लाख १८ हजार  रहेकोमा, यस आ.व २०८०/८१ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. ४ अर्ब १७ करोड १३ लाख १८ हजार रहन गएको छ।

### ३.३ जगेडा तथा कोषहरू

आ.व २०७९/८० को अन्त्यमा बैंकको नाफा नोक्सान हिसाब तथा नियमनकारी जगेडाकोषहरु गरी २ अर्ब २७ करोड ३७ लाख ८० हजार रहेकोमा १३.१५% ले बृद्धि भई यस आ.व २०८०/८१ को अन्त्यमा रु. २ अर्ब ५७ करोड २८ लाख ११ हजार रहन गएको छ।

### ३.४ निक्षेप

समीक्षा अवधिमा बैंकको निक्षेप रु. ५३ अर्ब ५१ करोड ९२ लाख ७० हजारमा ४.८७% ले वृद्धि भई रु. ५६ अर्ब १२ करोड ४४ लाख २९ हजार रहन गएको छ। कोभिड-१९ पछिको प्रभाव, विश्व अर्थतन्त्रमा आएको समस्या तथा विद्यमान तरलता समस्यका बाबजुद बैंकको अथक प्रयास र बैंकले संचालनमा ल्याएका विभिन्न आकर्षक निक्षेप योजनाहरु एवं ग्राहकहरुले बैंकप्रति देखाउनु भएको विश्वासको प्रतिफल स्वरुप समीक्षा अवधिमा बैंकले निक्षेपमा ४.८७ प्रतिशतको वृद्धि हासिल गर्न सफल भएको हो।

बैंकले विभिन्न संस्थागत तथा व्यक्तिगत निक्षेपकर्ताहरूको आवश्यकता अनुसारको विभिन्न निक्षेप सुविधा प्रदान गर्दै आइरहेको छ। निक्षेप व्यवस्थापनमा विशेष सावधानी अपनाउँदैं संस्थागत तथा छोटो अवधिका निक्षेपमा मात्र अधिकेन्द्रित हुँदा उत्पन्न हुन सक्ने जोखिमलाई कम गर्न स्थिर प्रकृतिका स–साना निक्षेप सङ्कलनमा विशेष जोड दिई विभिन्न प्रकारका निक्षेप योजनाहरू सञ्चालनमा ल्याएको छ। बजार विश्लेषण र निक्षेपकर्ताको चाहना बमोजिमका ग्राहकमैत्री विभिन्न निक्षेप योजनाहरु सञ्चालनमा ल्याउने कामलाई बैंकले निरन्तरता दिइरहेको छ।

### ३.५ कर्जा तथा सापटी

समीक्षा अवधिमा बैंकको कर्जा तथा सापटी रु. ४१ अर्ब ८० करोड ९२ लाख १७ हजारमा ७.५०% ले वृद्धि भई रु. ४४ अर्ब ९४ करोड ५७ लाख ८५ हजार रहन गएको छ। नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएका विभिन्न क्षेत्रहरु जस्तै कृषि, उर्जा, लघु- घरेलु, साना एवं मझौला उद्यम लगायतका क्षेत्रमा लगानी गर्नुपर्ने न्यूनतम कर्जा सापटको सिमा रकम पुऱ्याउन यस बैंक अग्रसर रहेको छ। विशेष गरी व्यवसायिक कृषि क्षेत्र अन्तर्गत रही पशुपन्छीजन्य दाना उद्योग, पशुपन्छीपालन, दुग्ध उत्पादन तथा प्रशोधन, प्रांगरिक तथा जैविक मल, फलफुल खेती, कफी खेती, ह्याचरी व्यवसाय लगायतका क्षेत्रहरुमा लगानी गरिएको छ।

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको प्राथमिकता बमोजिम समग्र देशकै कुल गार्हस्थ्य उत्पादन, रोजगार, उपभोग, बचत र व्यापार व्यवसाय अभिवृद्धि गरी मुलुकको आर्थिक वृद्धिदर लगायतका उद्देश्य अनुरुप यस बैंकले आफ्नो स्थापना काल देखि नै व्यवसायिक कृषि तथा पशुपालन, नवीकरणीय उर्जा, निर्माण व्यवसाय, होटल तथा पर्यटन व्यवसाय, अस्पताल, शैक्षिक संस्थाहरु र थोक तथा खुद्रा व्यापार लगायतका विभिन्न आर्थिक तथा सामाजिक पूर्वाधार विकासका परियोजनाहरुमा लगानी गर्ने नीति लिएको छ। यस नीति अन्तर्गत रही यस बैंकले देशको समग्र अर्थ व्यवस्थामा टेवा पुऱ्याउने गरी कर्जा लगानी रहेको छ र आगामी दिनहरुमा समेत यस क्षेत्रको सम्भाव्य परियोजनाहरुमा थप लगानी गर्न बैंक उत्सुक रहेको छ।

बैंकले नेपाल राष्ट्र बैंकद्वारा प्रदान गरिएको पुनरकर्जा सुविधा प्राथमिकताका साथ लक्षित व्यवसायलाई प्रदान गरेको छ। साथै, बैंकले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन बमोजिम विभिन्न सहुलियतपूर्ण कर्जाहरु समेत प्रदान गर्दै आइरहेको छ। बैंकले व्यक्तिगत लगानीकर्ताको माग पूर्ति गर्न आफ्नो कर्जा सम्बन्धी व्यवस्था, नीति नियम संशोधन तथा पुनरसंरचना गरी ग्राहकमुखी बनाउँदै घर कर्जा, सवारी कर्जा, व्यक्तिगत कर्जा, मुद्दती धितो कर्जा, सेयर धितो कर्जा जस्ता कर्जा सुविधाहरु आफ्नो फैलिदो वृहत् शाखा सञ्जालको उपयोग गरी प्रदान गर्दै आएको छ।

### ३.६ लगानी

बैंकको व्यवसाय विविधीकरण गर्ने क्रममा बैंकले स्थापनाकाल देखि नै विभिन्न लगानीका अवसरहरुको सदुपयोग गर्दै आय आर्जन गर्दै आईरहेको छ। समीक्षा अवधिमा बैंकको लगानी रु. १३ अर्ब ५४ करोड ८२ लाख ४७ हजारबाट ७.९५% ले बढ्न गई रु. १४ अर्ब ६२ करोड ५१ लाख ६३ हजार रहन गएको छ।

बैंकले आफ्नो निक्षेप तथा लगानीको उचित व्यवस्थापनका लागि थप नाफामूलक क्षेत्रको पहिचान गरी आफ्नो लगानी बढाउने रणनीति अवलम्बन गरेको छ। उक्त रणनीति अनुसार बैंकको लगानीको दायरा फराकिलो भई जोखिम कम हुने तथा मुनाफामा समेत अपेक्षित वृद्धि हुने विश्वास लिइएको छ। रणनीतिक रुपमा दीर्घकालीन फाईदाका दृष्टिले लगानी विविधीकरण अन्तर्गत बैंकले विभिन्न क्षेत्रमा संस्थापक शेयरधनीका रुपमा विभिन्न कम्पनी, क्यापिटल मार्केटद्धारा संचालित पोर्टफोलियो सेवा, दोस्रो शेयर बजार, सामुहिक लगानी कोष, नेपाल सरकारको टेजरी बिल्स, विकास ऋणपत्र, नागरिक

वचतपत्र, आदि जस्ता लागनी औजारहरुमा लगानी गर्दै आएको छ।

| लगानी | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | वृद्धि/(ह्रास) |
|---|---|---|---|
| सरकारी ऋणपत्र | ५,७२४,३७५,००० | ४,५५४,३७५,००० | २५.६९% |
| सरकारी टेजरी बिल्स | ३,३७३,८४३,१०४ | ८,१०९,४८७,३७० | -५८.४०% |
| ने.रा.बै. निक्षेप साधन | ४,५००,०००,००० | - | १००.००% |
| सुचिकृत शेयर | ९०२,७११,१३४ | ८८०,१५०,४०७ | २.५६% |
| सुचिकृत नभएको शेयर | १२४,२३४,३०० | ४,२३४,३०० | २८३४.००% |
| **जम्मा** | १४,६२५,१६३,५३९ | १३,५४८,२४७,०७७ | ७.९५% |

### ३.६ कुल सम्पत्ति

समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रु. ६१ अर्ब ८५ करोड ७३ लाख ७४ हजारबाट ४.५८% ले वृद्धि भई रु. ६४ अर्ब ६८ करोड ८९ लाख ९५ हजार पुगेको छ।

### ३.७ खूद ब्याज आम्दानी

समीक्षा अवधिमा बैंकको कुल ब्याज आम्दानी रु. १ अर्ब ९४ करोड ६० लाख ६२ हजारबाट १.०५ % ले बृद्धि भई रु. १ अर्ब ९६ करोड ६४ लाख २३ हजार रहन गएको छ। औषत ब्याजदर अन्तर (Spread Rate) २०८१ असार मसान्तसम्ममा ४.५९ प्रतिशत भएको छ।

आगामी दिनहरुमा उपलब्ध कोषको अत्याधिक सदुपयोगका लागि कर्जा तथा निक्षेप अनुपातको उचित व्यवस्थापन तथा खुद व्याजदर अन्तरलाई बिशेष जोड दिने रणनीति बैंकले अवलम्बन गरेको छ।

### ३.८ अन्य संचालन आम्दानी

आ.व. २०७९/८० मा बैंकको खुद संचालन आम्दानी रु. ४ करोड ४३ लाख ८५ हजार रहेकोमा आ.व.२०८०/८१ मा ७.४० प्रतिशतले बृद्धि भई रु. ४ करोड ७६ लाख ६९ हजार पुगेको छ।

### ३.९ सञ्चालन खर्च

आ.व.२०७९/८० मा बैंकको कुल सञ्चालन खर्च रु. १ अर्ब ०९ करोड ५१ लाख ३२ हजार रहेकोमा आ.व. २०८०/८१ मा ५.१५ प्रतिशतले वृद्धि भई रु. १ अर्ब १५ करोड १५ लाख ३६ हजार पुगेको छ। समग्रमा बैंकको शाखा स्थान्तारण, घर भाडा, कर्मचारी तलब बृद्धि, बीमाशुल्क, स्टेशनरी, सुरक्षा खर्च, इन्टरनेट जडान, पेट्रोलियम पदार्थको मूल्यको वृद्धि तथा समग्र मुद्रास्फीतिको कारणले खर्च वृद्धि हुन गएको छ।

### ३.१० संचालन मुनाफा

आ.व. २०७९/८० मा बैंकको संचालन मुनाफा रु. ५७ करोड ८ लाख ५५ हजार रहेकोमा आ.व. २०८०/८१ मा ३१.१० प्रतिशतले वृद्धि भई रु. ७४ करोड ८४ लाख ०९ हजार पुगेको छ।

### ३.११ खुद मुनाफा

आ.व. २०७९/८० मा बैंकको खुद मुनाफा रु. ३७ करोड ७५ लाख ५४ हजार रहेकोमा आ.व. २०८०/८१ मा ३२.५३ प्रतिशतले वृद्धि भई रु. ५० करोड ३ लाख ६४ हजार पुगेको छ।




**४. सूचना प्रणाली**

बैंकले आफ्ना सेवा सुविधालाई सरल, सहज र सुरक्षित रुपमा ग्राहक समक्ष पुऱ्याउनको लागि बजारमा उपलब्ध नविनतम प्रविधिको प्रयोगलाई प्राथामिकतामा राखेको छ। बैंकिङ्ग सेवालाई भर पर्दो र गुणस्तरिय बनाउनको लागि बैंकिङ्ग सफ्टवेयर Pumori Plus IV मार्फत कारोबार संचालन गर्दै आइरहेको छ। बैंकले "Mission Digitization" मार्फत ग्राहकलाई दिने सेवा सुविधाका साथै आन्तरिक कार्यप्रणालीलाई स्वचालित बनाउने अभियानमा लागिपरेको छ र सो कार्यका लागि सफ्टवेयर तथा हार्डवेयरमा थप लगानी गरी सुरक्षा प्रणालीलाई थप मजबुत गर्दै अघि बढि रहेको छ । भविष्यमा समेत सूचना प्रविधिमा समयानुकूल सुधार एवं विकास गर्दै ग्राहकवर्गलाई नयाँ नयाँ अत्याधुनिक सुविधाहरु उपलब्ध गराउँदै जाने बैंकको योजना रहेको छ । बैंकका सबै शाखाहरु Online Connected रहने भएकोले ग्राहकहरुले जुनसुकै शाखाबाट सजिलैसँग जुनसुकै कारोबार (ABBS) गर्न सक्दछन् ।

त्यस्तै बैंकको डाटा भैपरी आउने प्रकोपबाट सुरक्षित गर्नको लागि बैंकले Disaster Recovery Site भैरहवामा र Data Hub काठमाडौंमा राखिएको छ । बैंकले सूचना प्रणालीलाई थप प्रभावकारी र चुस्त बनाउनका लागि स्वतन्त्र विज्ञबाट सुचना प्रविधिको लेखापरिक्षण गरिएको छ । यसको साथसाथै Server Purchase, Security Enhancement, Alert Automation, Office Automation, Website Restructure सम्बन्धि थप कार्य गरिएको छ । त्यसैगरी बैंकले सुरक्षित तवरले घरबाटै काम गर्ने पद्दतीको विकास गरेको छ । साथै, कर्जा प्रक्रियालाई स्वचालित गर्नको लागि Document Management System (DMS) प्रयोगमा ल्याइएको छ। जसले गर्दा काममा छिटो छरितोको साथै कागजी कार्य कम हुन गएको महशुस गरेको छ ।

साथै, बैंकले सूचना प्रविधिको विकाससँगै बैंकिङ्ग क्षेत्रमा देखा पर्ने सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्दै आफ्नो सेवा सुविधाको गुणस्तरमा सुधार गर्दै लैजाने नीति लिएको छ ।

## ५. डिजिटल बैंकिङ्ग

महालक्ष्मी विकास बैंकले डिजिटल बैंकिङ्गलाई प्राथमिकतामा राख्दै आएको छ । सोही प्राथमिकता अर्न्तगत महालक्ष्मी विकास बैंकले हाल सञ्चालनमा रहेको मोबाइल बैंकिङ्ग सेवालाई प्रतिस्थापन गर्दै Omni Channel मा आधारित अत्याधुनिक Bank XP System मा स्तरोन्नत्ती गरी मोबाइल बैंकिङ्ग सेवालाइ थप प्रविधिमैत्री बनाएको छ ।
E-cash (चेक बिनै काउन्टरबाट पैसा निकाल्ने प्रविधि), E voucher (कागज बिहीन भौचर प्रविधि), जस्ता डिजिटल प्रविधिमुलक सेवा प्रदान गर्दै आएको बैंकले थप डिजिटल बैंकिङ्ग सुविधाहरु यस वर्ष देखि शुरु गरेको छ । बैंकले ग्राहकहरुको वैदेशिक यात्राको क्रममा कारोबार थप सुरक्षित, सहज र भरपर्दो होस भन्ने उद्देश्यले VISA EMV chip based Travel Card, eCommerce card and Dollar card जारी गरिसकेको बैंकले यस आ.व.मा 3D Secured feature थप गरिएको छ ।

डिजिटल बैंकिङ्गलाई प्राथमिकतामा राख्दै आएको बैंकले आफ्ना सम्पूर्ण सेवा सुविधालाई क्रमिक रुपमा डिजिटल रुपान्तरण गर्न, विभिन्न योजना बनाई कार्यान्वयन गर्दै आईरहेको छ । हाम्रो डिजिटल बैंकिङ प्रक्रियाको पूर्ति गर्दै, यस वर्षमा हाम्रो प्रक्षेपित गरेका विभिन्न डिजिटल बैंकिङ प्रोडक्टहरू निम्नलिखित छन ।

**महालक्ष्मी क्युआर व्यापार भुक्तान (Mahalaxmi QR Merchant Payment)**
महालक्ष्मी क्युआर भुक्तान एक भुक्तान प्रणाली हो जसमा ग्राहकले अब मोबाइलमा फोनपे (fonepay) नेटवर्कको क्युआर कोड स्क्यान गर्न सक्छन् र बिल रकम तुरुन्त भुक्तान गर्न सक्छ ।

**महालक्ष्मी स्मार्ट बैंकिङ (Mahalaxmi Smart Banking)**
महालक्ष्मी विकास बैंकको स्मार्ट मोबाइल बैंकिङ सेवा प्राप्त गर्नका लागि एप्लिकेशन वा एसएमएस किवर्ड प्रयोग गर्दै तपाईंको खाता जानकारी र Realtime समयका लेन-देन को जानकारी प्रदान गर्दछ ।

**महालक्ष्मी इन्टरनेट बैंकिङ (Mahalaxmi Internet Banking)**
महालक्ष्मी इन्टरनेट बैंकिङ सेवा बैंकद्वारा उपलब्ध गराइएको इन्टरनेट आधारित सेवा यसले कई वित्तिय लेन-देन जुनसुकै बेला तपाईंलाई उपलब्धता प्रदान गर्दछ ।

**महालक्ष्मी मिस्ड कल सेवा (Mahalaxmi Missed Call Service)**
महालक्ष्मी मिस्ड कल सेवा मार्फत तपाईंको फोनबाट तपाईंको गैर-लेनदेन बैंकिङ आवश्यकताहरू सबैलाई मिलाउँछ, बैंकद्वारा प्रदान गरिएको विशेष मोबाइल नम्बरमा डायल गर्दै सेवा लिन सक्नुहुन्छ ।

**महालक्ष्मी अनलाइन फिक्स्ड डिपोजिट (Mahalaxmi Online Fixed Deposit)**
महालक्ष्मी स्मार्टबाट आफ्नो फिक्स्ड डिपोजिट बनाउन र नविकरण गर्न सक्नुहुन्छ । यसका साथै यस आ.व.मा Mahalaxmi Smart Banking मा Loan against FD सेवा थप गरी Mobile Banking लाई थप गरि डिजिटल बनाइएको छ ।

## ६. कार्ड तथा क्युआर व्यवसाय

यस बैंकले आफ्ना ग्राहकहरूको सुविधालाई ध्यानमा राख्दै ATM, Debit Card, Mahalaxmi USD Ecommerce Card तथा Dollar Card सेवा प्रदान गर्दै आइरहेको छ । साथै कार्ड सेवा बिस्तार गर्ने क्रममा यस आर्थिक बर्षको अन्तसम्म बैंकको कुल डेबिट कार्डको संख्या १२६,२९५ र क्युआर संख्या १७,९७५ पुगेको छ । बैंकले भविष्यमा Point of Sale (POS) सेवाहरु संचालनमा ल्याउने योजनामा अध्ययन सुरु गरिएको छ । चालु आर्थिक बर्षमा बैंकले एटिम सेवा, मोबाइल बैंकिङ्ग, कार्ड, इन्टरनेट बैंकिङ्गबाट रु. ८४,४२७,८५० आम्दानी गर्न सफल भएको छ ।

## ७. विप्रेषण कारोवार

बैंकले छिटो तथा सुरक्षित विप्रेषण सेवा प्रदान गर्नका लागी विभिन्न अन्तराष्ट्रिय ख्याति प्राप्त रेमिटेन्स कम्पनिहरुसंग सम्झौता गरि विप्रेषण कारोबार संचालन गर्दै आईरहेको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय बिप्रेषण कम्पनिहरूका साथै विभिन्न विप्रेषण कारोवार गर्ने कम्पनीहरुसँग सम्झौता गरी सेवा प्रदान गर्दै आएको छ । बैंकले कुल आ.व. २०८०/८१ मा रु. २,६६३,४१७,०१२ अन्तराष्ट्रिय विप्रेषण भित्र्याई रु. ४,२२७,८५४ विप्रेषण कमिशन आम्दानी गरेको छ ।

आगामी दिनहरूमा विप्रेषण कारोवारलाई अझ प्रभावकारी बनाउँदै लैजाने क्रममा बैंकले विदेश तथा स्वदेशमा रहेका विभिन्न बैंक र रेमिटेन्स कम्पनीहरूसँग थप सम्झौताहरू गरी विप्रेषण कारोवार विस्तार गर्ने रणनीति लिएको छ ।

## ८. ग्राहक सम्बन्ध

ग्राहक महानुभावहरूलाई उच्च प्राथमिकतामा राख्ने सिद्धान्तबाट बैंक सधैँ सचेत छ। कर्जा तथा निक्षेपतर्फ विभिन्न नयाँ प्रकारका सेवा प्रारम्भ गर्दै ग्राहकहरूको आवश्यकता अनुसारका उच्च गुणस्तरका सेवाहरू प्रदान गर्न सक्ने बैंकका रुपमा परिचित हुने लक्ष्य रहेको छ। हाम्रो सफलताको श्रेय ग्राहकहरूको अपार विश्वासलाई नै जान्छ र यस अवसरमा ग्राहक सेवाको गुणस्तर बढाउने प्रण गर्दछौं। साथै ग्राहक सम्बन्ध तथा सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्दै बैंकले केन्द्रीय स्तरमा ग्राहक सहायता केन्द्र (Customer Support Center) समेत स्थापना गरेको छ। यसबाट ग्राहकहरुले बैंकका शाखामा उपस्थित नभई ग्राहक सेवा प्रतिनिधिहरुसँग फोन तथा इमेलका माध्यमबाट सम्पर्क गरी आफ्ना जिज्ञासा तथा समस्याको सामाधान प्राप्त गर्न सक्नुहुन्छ। यसबाट ग्राहकहरुले बैंकका शाखामा उपस्थित नभई ग्राहक सेवा प्रतिनिधिहरुसँग फोन तथा इमेलका माध्यमबाट सम्पर्क गरी आफ्ना जिज्ञासा तथा समस्याको सामाधान प्राप्त गर्न सक्नुहुन्छ।

## ९. मानव संसाधन

विद्यमान प्रतिस्पर्धात्मक बैंकिङ्ग क्षेत्रमा सफलता हासिल गर्नका लागि दक्ष कर्मचारीहरु नै सबैभन्दा महत्वपूर्ण पक्ष भएकाले उपयुक्त वातावरण सहित समय सापेक्ष सुविधाहरु र उचित पुरस्कार तथा प्रोत्साहन दिई काम प्रति उत्प्रेरित गरिरहने नीति बैंकले अख्तियार गरेको छ। ग्राहकवर्गलाई सर्वसुलभ, छिटो छरितो र प्रभावकारी सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्ति गर्न जनशक्तिको दक्षता अभिबृद्धिका लागि मानव श्रोत विकास तथा व्यवस्थापनमा विशेष प्राथमिकता दिई विभिन्न तालिम, सेमिनार जस्ता कार्यक्रमको माध्यमबाट कर्मचारीहरुलाई अभिमुखीकरण तालीम संचालन गर्दै आईरहेको छ। व्यवसाय विस्तारको क्रममा चाहिने दक्ष जनशक्ति आफैं तयार गर्दै जाने नीति बमोजिम कर्मचारी भर्ना, सरुवा, पदोन्नति र अनुशासनको कारबाही हुने गरेको छ। दक्ष कर्मचारीहरु नै बैंक विकासको एकमात्र आधार भएको हुनाले मानव संसाधन विभागले HR Succession Plan को तयारी गरिसकेको छ।

ग्राहकवर्गलाई सर्वसुलभ तथा छिटोभन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्ति गर्न बैंकको जनशक्तिको दक्षता वृद्धिका लागि सबै कर्मचारी समावेश हुने गरी विभिन्न शीर्षकहरूमा आन्तरिक तथा वाह्य विज्ञहरुद्वारा तालिम प्रदान गरिएको छ। जनशक्तिको दक्षता अभिवृद्धिका लागि कुल रु. ८,९९१,०५३ खर्च गरिएको छ। साथै आगामी वर्षमा समेत आवश्यक तालिमहरू प्रदान गर्ने नीति बैंकले लिएको छ।

## १०. कर्मचारीतर्फ उत्तरदायित्व तथा योगदान

बैंकले कर्मचारीहरुको जोखिमलाई ध्यानमा राखी रु. १० लाख बराबरको सामुहिक दुर्घटना बीमा गरिएको छ। औषधिउपचार बापत प्रत्येक कर्मचारीलाई वार्षिक एक महिनाको तलब बराबरको रकम अवकाश हुँदा पाउने गरी बैंकको आन्तरिक कोषमा जम्मा गर्ने गरेको छ। साथै बैंकलाई कुनैपनि अतिरिक्त थप व्यायभार नपर्ने गरी कर्मचारी औषधिउपचार कोषको रकम उपयोग गरी स्वास्थ उपचार बिमा गरिएको छ।

यसका साथै कम्तीमा श्रम ऐन बमोजिम हुन आउने रकम उपदान बापत व्यवस्था गरेको छ र कर्मचारी सेवा विनियमावली बमोजिम उपदान, बिदा वापत व्यवस्था गरेको छ। साथै, बैंकले कर्मचारीहरुको दिर्घकालिन सुविधा उपदान र सञ्चित बिदा बापतको तलबको प्रत्येक आर्थिक बर्षमा एक्च्युवरी मुल्याङ्कन गराई सोही बमोजिम उपदान तथा बिदा वापत व्यवस्था गरेको छ। उपदान बापतको रकम नागरिक लगानी कोषको उपदान कोष योजनामा जम्मा गरिने व्यवस्था गरिएको। यस आर्थिक बर्षको मुनाफाबाट बोनस ऐन बमोजिम कर्मचारी बोनस अन्तर्गत रु.८२,५०१,८११ छुट्टाइएको छ।

बैकले कर्मचारी विनिमयावली अनुसार आवास कर्जा, सवारी साधन कर्जा, सामाजिक कर्जा, अधिविकर्ष कर्जाहरु सहुलियत ब्याज दरमा कर्मचारीहरुलाई कुल रु ४८७,७६७,०१२ ऋण सापट प्रदान गरेको छ।

## ११. संस्थागत सामाजिक उत्तरदायित्व

बैंकले मुनाफामा मात्र केन्द्रित नभई समाजप्रतिको उत्तरदायित्वलाई आत्मसाथ गर्दै आएको छ। बैंकले आफ्नो मुनाफाको केही अंश सामाजको दिगो विकास, समुन्नत भविष्य र विकासमा खर्च गनुपर्छ भन्ने अभिप्राय तथा नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन तथा नेपालको दिगो विकास लक्ष्यलाई आत्मसात् गर्दै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत आफ्नो स्थापनाकाल देखि नै सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसैको निरन्तरता स्वरूप आ.व. २०८०/८१ मा बैंकले विभिन्न क्षेत्रहरुमा आर्थिक तथा वस्तु उपलब्ध गराई विभिन्न सामाजिक संघ संस्थाहरूलाई कुल रु. ६,३२९,०३३ आर्थिक सहयोग उपलब्ध गराएको छ।

# संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कार्यहरुको केहि झलकहरु:



सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुलाई शैक्षिक सामाग्रीहरु वितरण गरिएको




वडा क्षेत्रभित्र लागुऔषध अपराध सम्बन्धि जनचेतनामुलक बोर्डहरु राखि त्यस्ता कार्यलाई निरुत्साहित गर्न मद्दत पुऱ्याउने उद्देश्यले बैंकले ईलाका प्रहरी कार्यालय बेलौरी कञ्चनपुरलाई लागुऔषध सम्बन्धि जनचेतनामुलक बोर्डहरु हस्तान्तरण




महालक्ष्मी विकास बैंक र रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ बीच सम्झौता( सम्झौता अनुसार विभिन्न सार्वजानिक/सामुदायिक शैक्षिक संस्थाहरुमा आवश्यक स्तरोन्नती तथा शौचालयहरु निर्माण तथा सुधार गर्न बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आवश्यक समन्वय तथा सहयोग



विद्यालयमा न्यून आयस्रोत भएका परिवारका बालबालिकाहरुको शैक्षिक आवश्यकता पुरा गर्न सहजता मिलोस भन्ने उद्देश्यले इटहरी उपमहानगरपालिका -२०, तरहरा सुनसरीमा अवस्थित श्री बाल बहुभाषिय आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि स्कुल ब्याग, कापी तथा अन्य आवश्यक शैक्षिक सामाग्री हस्तान्तरण




हरित परिवहनको माध्यमबाट महिला सशक्तीकरण (Empowering Women through Green Mobility) भन्ने मुल उद्देश्यका साथ धुलिखेल नगरपालिकाका विभिन्न महिला उद्यमीहरुलाई विद्युतीय सवारीको साँचो हस्तान्तरण गरिएको थियो




महालक्ष्मी विकास बैंकले श्री कादमबरी एकेडेमी, श्रीपूर विरगंजमा अध्यनरत छात्र श्री जीवन राजवंशीलाई कक्षा दश अध्यनका लागि स्वर्गीय श्री हिरा गिरी जेहेन्दार छात्रवृत्ती प्रदान गरेको छ ।

| क्षेत्र | आ.व. २०८०/८१ | आ.व. २०७९/८० |
|---|---|---|
| सामाजिक परियोजनाहरुमा हुने खर्च | ३,७५६,६९० | ४,३५०,८४७ |
| स्वास्थ तथा औषधि आदिको सहज आपूर्तिको लागि प्रत्यक्ष रुपमा गरेको खच | २२२,१५८ | १८,९९७ |
| अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान | - | ४४५,५६९ |
| प्रत्यक्ष अनुदान खर्च | १,४२२,२७० | १,५२५,८१२ |
| दिगो विकास लक्ष्य | - | ७८८,०३९ |
| विद्युतीय कारोबार प्रवर्द्धनका | ३७९,५५० | ७४५,२१५ |
| वित्तीय साक्षरता | ५४८,३६४ | ६८९,६७१ |
| **जम्मा** | ६,३२९,०३२ | ८,५६४,१५० |

बैंकको सानो सहयोगले समाजमा ठुलो परिवर्तन नभएता पनि यसले समाजको लागि सकारात्मक सन्देश प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं । यस बैंकले समाजको वृहत्तर हितका लागि आगामी दिनहरूमा पनि समाजसेवा कार्यहरूलाई थप प्रभावकारी बनाउन बैंकको केन्द्रिय कार्यालय, प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरू मार्फत योजनाबद्ध रूपमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरू अघि बढाउने लक्ष्य लिएको छ । यस आ.व २०८१/८२ मा बैंकले सामाजिक उत्तरदात्यिवको लागी रु.९० लाख ४७ हजार छुट्याइको छ ।

## १२. संस्थागत सुशासन

संस्थागत सुशासन संस्थाको मेरुदण्ड भएकाले महालक्ष्मी विकास बैंकमा संस्थागत सुशासन (Corporate Governance) लाई उच्च महत्वका साथ परिपालना गर्न गराउनका लागि सञ्चालक समिति र बैंक व्यवस्थापन पूर्णरुपमा प्रतिबद्ध रहेको छ । सञ्चालक समितिका काम कारबाहीहरू तथा बैंकका अन्य सबै क्रियाकलापहरूलाई स्वतन्त्र एवं पारदर्शीरूपमा उच्चस्तरको व्यापारिक स्वच्छता, व्यवसायिकता तथा प्रचलित कानून तथा मापदण्डहरूको अधीनमा रही संस्थागत सुशासनको विकास गर्न बैंक सदा क्रियाशील रहेको छ । बैंकले नेपाल राष्ट्र बैंक तथा अन्य नियमन निकायहरूबाट समय समयमा जारी भएका नीति एवं निर्देशन तथा सोको अधिनमा रही विभिन्न नीति नियम सञ्चालक समितिबाट स्वीकृत गराई पूर्ण रुपमा लागु गर्दै आएको छ । भविष्यमा समेत संस्थागत सुशासनलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

नेपाल राष्ट्र बैंकको निर्देशन नं.६, १(१०) मा भएको व्यवस्था सम्बन्धमा संस्थाका सञ्चालकहरुबाट उल्लेखित आचरणहरु पालना भएको छ । बैंकले नियमनकारी निकाय तथा कानूनको परिपालनाको निम्ति मात्रै नभई Integrity, Transparency र Fairness लाई सदैव आत्मसात गर्दै आएको छ । आफ्नो शेयरधनी, अन्य सरोकारवालाको हित सुरक्षित गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरुको जानकारीहरु पारदर्शी रुपमा प्रस्तुत गर्ने गरेको छ ।

## १३. सम्पत्ति शुद्धिकरण नियन्त्रण

विकास बैंकले प्रचलित ऐन तथा नेपाल राष्ट्र बैंकद्वारा जारी भएको निर्देशनको कार्यान्वयनको सिलसिलामा सम्पत्ति शुद्धिकरण सम्बन्धी छुट्टै आन्तरीक नीति तथा कार्यविधी बनाई लागु गरेको छ । यसरी बनाइएका नीति तथा कार्यविधीद्वारा सम्पत्ति शुद्धिकरण नियन्त्रण तर्फ मूलत: देहाय अनुसारको व्यवस्था गरिएको छ ।

- सञ्चालक समितिका संचालकको संयोजकत्वमा सम्पत्ति शुद्धिकरण सम्बन्धी समिति गठन गरिएको छ, जसले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धमा भए गरेका काम कारवाहीहरुको कम्तिमा त्रयमासिक रुपमा अनुगन गर्ने गरेको छ भने बैंकमा विद्यमान नीति कार्यविधी तथा प्रकृयागत पक्षहरुको पर्याप्तताको यकिन गरी आवश्यक देखिएका क्षेत्रमा सुधार गर्न सञ्चालक समिति मार्फत व्यवस्थापनलाई निर्देशन प्रदान गर्ने गरेको छ ।
- सम्पत्ति शुद्धिकरण नियन्त्रण सम्बन्धी नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिमको कार्य गर्ने गराउने प्रयोजनका लागि केन्द्रीय कार्यालयमा अनुपालन अधिकृत तोकिएको छ ।
- ग्राहक पहिचान पद्धतीलाई व्यवस्थित गरिनुका साथै जोखिममा आधारित ग्राहक बर्गिकरण पद्धती अवलम्बन गरिएको छ ।
- नियमनकारी निकायको निर्देशनमा भएको व्यवस्था बमोजिमका विवरणहरु नियमित रुपमा तोकिएको समयावधि भित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्ने व्यवस्था मिलाइएको छ ।
- बैंकमा हुनसक्ने सभावित शंकास्पद कारोवारको अनुगमन गर्ने पद्धती अवलम्बन गरिएको छ तथा आवश्यकता अनुसार यस सम्बन्धी प्रतिवेदन वित्तीय जानकारी इकाई समक्ष पेश गर्ने गरिएको छ ।

- ➢ कारोवारको स्वचालित अनुगमन पद्धती तथा अनलाइन रिपोर्टिंग (GoAML) अनुसार प्रतिवेदन पेश गर्ने व्यवस्था गरिएको छ ।
- ➢ शाखाहरुमा कार्यरत कर्मचारीहरुलाई सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानूनी व्यवस्था तथा बैंकले गर्नु पर्ने कार्य तथा प्रकृया बारे जानकारी गराउन तालिम प्रदान गर्ने गरिएको छ ।

## १४. आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा निहित कर्जा, बजार तथा सञ्चालन लगायतका जोखिमहरूलाई दृष्टिगत गरी बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने नीति लिएको छ । यस सम्बन्धमा बैंकिङ्ग कारोवारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरू बनाई कार्यान्वयनमा ल्याइएको छ । त्यसै गरी बैंकका कामकारवाहीहरू प्रचलित कानून बमोजिम भए गरेको छ/छैन त्यसको यकिन गर्ने उद्देश्यले बैंकमा एउटा स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरी त्यस विभागलाई सञ्चालक समिति अन्तर्गतको लेखापरीक्षण समिति मातहत राखिएको छ। बैंकिङ्ग कारोवारहरूमा निहित जोखिमहरूलाई निरन्तर रुपमा अनुगमन गरी सञ्चालक समितिलाई उपयुक्त राय सुझाब दिनका लागि सञ्चालक समितिको जवाफदेहीतामा जोखिम व्यवस्थापन समिति गठन गरी उक्त समितिले त्यस सम्बन्धमा प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ । साथै, कर्जामा निहित जोखिमलाई न्यूनीकरण गर्न छुट्टै कर्जा जोखिम विभाग गठन गरी सञ्चालनमा ल्याइएको छ । त्यस्तै बैंकमा रहेका सम्पूर्ण ग्राहकको जोखिम स्तर निर्धारण गर्ने तथा अन्य अनुपालनको क्रममा देखिने कमिकमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरि त्यस अन्तर्गत सम्पत्ति शुद्धीकरण विभाग सञ्चालनमा रहेको छ ।

साथै विभिन्न विभागहरूसँग सम्बन्धित कार्य सञ्चालनलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू जारी गरी लागू गरिएको छ । निर्णय प्रकृयालाई छिटो-छरितो तथा चुस्त बनाउन व्यवस्थापन तहमा व्यवस्थापन समिति (Executive Committee), जोखिम र आम्दानीको (Risk and Return) दृष्टिकोणबाट वासलात व्यवस्थापन गर्ने, ब्याजदर तथा तरलता जोखिमको रणनीतिक व्यवस्थापन गर्न व्यवस्थापन तहका पदाधिकारीहरू सम्मिलित सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCO), बैंकको दैनिक काम कारवाही, लगानी, सञ्चालन तथा रणनीतिक यो जनाको कार्यान्वयनका लागि चाहिने सूचना तथा प्रविधि प्रणालीको विकास गर्ने, समयानुसार अद्यावधिक गर्ने र अग्रसर भई काम गर्न बैंकका पदाधिकारीहरू सम्मिलित IT Steering Committee, सञ्चालन जोखिम न्यूनिकरणका लागि बैंकको दैनिक काम-कारबाहीमा अन्तर-विभागीय समन्वय स्थापित गर्ने तथा आवधिक अनुगमन गरी सुधारात्मक व्यवस्था गर्न नायव कार्यकारी प्रमुख अधिकृत जोखिमको संयोजकत्वमा विभागीय प्रमुखहरू सम्मिलित सञ्चालन जोखिम व्यवस्थापन समिति र बैंकको दैनिक काम - कारबाहीका लागि चाहिने Logistics को व्यवस्था गर्न बोलपत्रको आव्हान गर्न, Logistics खरिदका लागि प्रमुख कार्यकारी अधिकृतलाई सिफारिस गर्ने र बोलपत्र कबोल गर्ने जस्ता कामका लागि खरिद समिति लगायतका समितिहरू क्रियाशील रहेका छन् ।

## १५. राजश्वमा बैंकको योगदान

बैंकले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्दै आएको छ । नेपाल सरकारको राष्ट्रिय ढुकुटीमा, आ.व. २०८०/८१ मा बैंकले अग्रिम आयकर बापत रु. ३७ करोड ९८ लाख ५८ हजार र विभिन्न भुक्तानीमा कर कट्टी गरे बापत रु. ३ करोड ७० लाख ७३ हजार गरी कुल रु.४१ करोड ६९ लाख ३१ हजार ठूला करदाता कार्यालयमा दाखिला गरेको छ ।

## १६. सञ्चालक समिति

बैंकको सञ्चालक समितिमा श्री राजेश उपाध्याय ज्यूको अध्यक्षतामा ७ सदस्यीय सञ्चालक समिति रहेको छ । प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र कम्पनी ऐनको परिधिभित्र रही बैंकको नीतिगत निर्णय गर्ने उच्च निकायको भूमिका निर्वाह गर्ने क्रममा बैंकलाई आवश्यक सबै नीति, नियमहरु निर्माण तथा अनुगमनमा सञ्चालक समितिको सक्रिय भूमिका रहेको छ । साथै, यस समितिले बैंकको प्रमुख सूचकाङ्कहरुको अनुगमन गरी व्यस्थापनलाई आवश्यक निर्देशनहरु जारी गर्ने, बैंकको व्यवसायिक योजना (Business Plan) एवं बजेट स्वीकृत गर्ने, सञ्चालक समितिको बैठकलाई व्यवस्थित गर्न तथा सञ्चालकहरुलाई नियम निर्देशनको दायरामा राख्न सञ्चालक समितिले आफ्नो आचारसंहिता लागू गरेको छ । सञ्चालक समितिमा निम्न सदस्यहरु रहेका छन् ।

| क्र.सं. | सञ्चालकहरुको नाम | आ.व. २०८०/८१ |
|---|---|---|
| १ | श्री राजेश उपाध्याय | अध्यक्ष |
| २ | श्री सञ्जय गिरी | संचालक |
| ३ | श्री दिपक कुमार रौनियार (ग्रोइङ्ग प्रा.लि. को तर्फबाट) | संचालक |
| ४ | श्री श्याम सुन्दर रुङ्गटा | संचालक |
| ५ | श्री रुपेन्द्र पौडेल | संचालक |
| ६ | श्री राहुल अग्रवाल | संचालक |
| ७ | श्रीमती अम्बिका श्रेष्ठ | संचालक |

आर्थिक वर्ष २०८०/८१ मा यस समितिको जम्मा २७ वटा बैठक बसेको थियो । बैंकको सञ्चालक समितिका सम्पूर्ण सदस्यहरुले नेपाल राष्ट्र बैंकको निर्देशनमा तोकिएका आचरणहरु पालना गर्नुभएको छ। सञ्चालक समितिको बैठक वापत संयोजकलाई प्रति बैठक रु. १२,००० र संचालक सदस्यलाई प्रति बैठक रु.११,००० दरले प्रदान गर्ने गरिएको छ ।

## १७ अन्य संचालक स्तरीय समितिहरू

नेपाल राष्ट्र बैंकको निर्देशन नं ६/०८०(७)(१)(क) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ र २७ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीतामा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरेको छ ।

### १७. १ लेखापरीक्षण समिति :

कम्पनी ऐन २०६३ को दफा १६४ तथा ने.रा.बैंक को निर्देशन बमोजिम बैंकको बाह्य लेखापरीक्षक नियुक्तीको लागि सिफारिश गर्ने, बैंकको आन्तरिक लेखापरीक्षणको कार्यक्षेत्र निर्धारण गर्ने, आन्तरिक, बाह्य तथा केन्द्रीय बैंकबाट भएको लेखापरीक्षणको सिलसिलामा प्राप्त भएका कैफियतहरूको समीक्षा गर्ने र बैंकको आन्तरिक लेखापरीक्षण विभागले पेश गरेको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित कैफियतहरू उपर समीक्षा गर्नको लागि आ.व.२०८०/८१ मा सञ्चालक श्री दिपक कुमार रौनियार संयोजक रहने गरी ३ सदस्यीय लेखापरीक्षण समिति गठन गरिएको छ । समितिमा निम्न सदस्यहरु रहेको छ ।

| नाम | | पद |
|---|---|---|
| दिपक कुमार रौनियार | संचालक | संयोजक |
| राहुल अग्रवाल | संचालक | सदस्य |
| आशिष अधिकारी | आन्तरिक लेखापरीक्षण विभागीय प्रमुख | सदस्य सचिव |

समिक्षा अवधिमा यस समितिको कुल ४१ वटा बैठकहरु बसेको थियो । लेखापरीक्षण समितिको बैठक वापत संयोजकलाई प्रति बैठक रु. ११,००० र संचालक सदस्यलाई प्रति बैठक रु.१०,००० दरले प्रदान गर्ने गरिएको छ । समितिको सदस्य सचिव तथा लेखापरीक्षण विभाग प्रमुखलाई भत्ताको व्यवस्था गरिएको छैन ।

### १७.२ जोखिम व्यवस्थापन समितिः

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकिङ्ग प्रणालीमा आइपर्ने विभिन्न जोखिमहरुलाई समयमै पहिचान गरी तिनको न्यूनीकरण गरी उचित व्यवस्थापन सहित राय सुझाव सञ्चालक समितिमा पेश गर्नका लागि सञ्चालक श्री रुपेन्द्र पौडेल संयोजक रहने गरी ४ सदस्यीय जोखिम व्यवस्थापन समिति गठन गरिएको छ। जोखिम न्यूनीकरण गर्ने प्रणालीको विकास एवं सोको प्रभावकारिता आदिका सम्बन्धमा तोकिएको अवधिमा व्यवस्थापनले यस समितिमा प्रतिवेदन पेश गर्ने व्यवस्था समेत मिलाइएको छ । समितिले बैंकको काम कारवाहीको सिलसिलामा अन्तर्निहित हुने कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, तरलता, पुँजी प्रर्याप्तता अनुपात लगायतका विभिन्न जोखिमहरुको मापन गर्ने, उक्त जोखिमहरुलाई न्युनीकरण गर्न व्यवस्थापनलाई मार्गदर्शन तथा निर्देशन दिने कार्य यस समितिबाट भइरहेको छ ।

| नाम | | पद |
|---|---|---|
| रुपेन्द्र पौडेल | संचालक | संयोजक |
| दिपक कुमार रौनियार | लेखापरीक्षण समिति संयोजक | पदेन सदस्य |
| शेखर आचार्य | संचालन विभाग प्रमुख | सदस्य |
| जोनश शर्मा चिल्वाल | जोखिम विभाग प्रमुख | सदस्य सचिव |

समीक्षा अवधिमा यस समितिको कुल ३४ वटा बैठकहरु बसेको थियो । सो समितिको बैठक वापत संयोजकलाई प्रति बैठक रु. ११,००० र संचालक सदस्यलाई प्रति बैठक रु.१०,००० का दरले प्रदान गर्ने गरिएको छ ।

### १७.३ सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिः

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरेको निर्देशन नं. ६ मा भएको व्यवस्था बमोजिम सञ्चालक स्तरीय सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति गठन गरिएको छ। संचालक श्री संजय गिरी संयोजक रहने गरी ३ सदस्यीय समिति गठन गरिएको छ। सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम संस्थामा भए गरेका कामहरुको अनुगमन गर्ने प्रणालीको विकास गरिएको छ भने यस समितिले संचालक समिति समक्ष आवश्यक राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने व्यवस्था समेत मिलाइएको छ।

| नाम | | पद |
|---|---|---|
| संजय गिरी | संचालक | संयोजक |
| जोनश शर्मा चिल्वाल | जोखिम विभाग प्रमुख | सदस्य |
| सन्तोष कुमार गौतम | अनुपालन विभाग प्रमुख | सदस्य सचिव |

समीक्षा अवधिमा यस समितिको कुल ८ वटा बैठकहरु बसेको थियो। सो समितिको बैठक वापत संयोजकलाई प्रति बैठक रु. ११,००० र सञ्चालन सदस्यलाई प्रति बैठक रु १०,००० का दरले बैठक भत्ता प्रदान गर्ने गरिएको छ।

### १७.४ कर्मचारी व्यवस्थापन तथा सेवा सुबिधा समिति:

बैंकमा कर्मचारी व्यवस्थापन तथा सेवा सुबिधा समिति गठन भई कार्य सम्पादन गर्दै आइरहेको छ। सो समितिको काम कर्तव्य अधिकार सोहि निर्देशनको अनुसूची (१) बमोजिम कर्मचारीहरुको पारिश्रमिक सम्बन्धी अध्ययन तथा विश्लेषण गर्ने, कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्य, लक्ष्य तथा प्रगति मूल्याङ्कनका परिसूचकहरु विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने, जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, श्रम सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष सुझावपेश गर्ने र कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी कर्मचारीको वृत्ति विकास लगायत सेवा संग सम्बन्धित विषयमा व्यवस्थापनलाई मार्गदर्शन दिनका लागि सञ्चालक समिति समक्ष सिफारिश गर्नका लागी सञ्चालक श्रीमती अम्बिका श्रेष्ठ संयोजक रहने गरी ४ सदस्यीय समिति गठन गरिएको छ।

| नाम | | पद |
|---|---|---|
| अम्बिका श्रेष्ठ | संचालक | संयोजक |
| दिपेश लम्साल | प्रमुख कार्यकारी अधिकृत | सदस्य |
| अनुज आचार्य | प्रमुख वित्त अधिकृत | सदस्य |
| विशाल राज कार्की | मानव संशाधन प्रमुख | सदस्य सचिव |

समिक्षा अवधिमा यस समितिको कुल ६ वटा बैठकहरु बसेको थियो। सो समितिको बैठक वापत संयोजकलाई प्रति बैठक रु. ११,००० र संचालक सदस्यलाई प्रति बैठक रु.१०,००० का दरले प्रदान गर्ने गरिएको छ।

साथै बैंकको कार्य सञ्चालन दक्षतापूर्वक चुस्त रुपमा सम्पन्न गर्न सहज होस् भन्ने अभिप्रायले बैंकको सेवामा योग्य ब्यक्ति छनौट गरी नयाँ नियुक्ति एवं पदपूर्ति सम्बन्धी कार्य सम्पादन गर्नको लागि नेपाल राष्ट्र बैंक को निर्देशन बमोजिम व्यवस्थापन तहको पदपूर्ति समिति समेत गठन गरिएको छ।

### १७.५ घर जग्गा खरिद समिति :

बैंकको बढ्दो गैह्र बैंकिङ्ग सम्पत्तिको उचित व्यवस्थापन वा स्व-प्रयोजन गर्न अध्ययन गर्न तथा बैंकको केन्द्रिय कार्यालयको निम्ती आवश्यक घर जग्गा खरिद तथा बैंकको स्वामित्तमा रहेको जग्गामा आफ्नै भवन निर्माण गर्नको लागी संचालक समितिको मिति २०८०/५/२७ बैठक नं. ५७१ को निर्णयबाट गठित गैह्र बैंकिङ्ग सम्पत्ति तथा सम्पत्ति व्यवस्थापन उपसमितिमा संचालक श्री संजय गिरीको संयोजकमा संचालक श्री रुपेन्द्र पौडेल सदस्य र प्रमुख कार्यकारी अधिकृत सदस्य सचिब रहने गरी संचाकल स्तरीय समिति गठन गरिएको थियो।

यस समितिको आ.व. २०८०/८१ मा कुल ७ वटा बैठक बसी बैंकको नाममा रहेको काठमाडौं ज्ञानेश्वरमा रहेको जग्गामा केन्द्रिय कार्यालय प्रयोजनको लागी Steel Structure भवन बनाउने गरी EarthStar Engineering Consultancuy Pvt. Ltd लाई सल्लाहकारमा नियुक्त गरी

रेलिगर कन्स्ट्रशन प्रा.लि.लाई निमार्ण कार्य गर्न छनौट गरिएको छ। साथै बैंकको नाममा विभिन्न स्थानमा रहेको गैह्र बैकिङ्ग सम्पत्तिहरुको उचित व्यवस्थापन गर्न आवश्यक वैकल्पिक उपायहरु तर्जूमा गर्न सकिने घरजग्गा बैंकको स्व-प्रयोजनमा ल्याउन व्यवस्थापनलाई निर्देशन दिइएको छ। हाल यो उपसमिति संचालनमा नरहेको व्यहोरा जानकारी गराउँदछौं।

## १८. व्यवस्थापन, व्यवस्थापकिय जिम्मेवारी तथा व्यवस्थापकिय समिति

आ.व. २०८०/८१ मा व्यवस्थापन तथा व्यवस्थापकिय जिम्मेवारीमा कुनै पनि हेरफेर भएको छैन। बैंकले विभिन्न काम कारबाहीलाई सरल, सहज तथा पारदर्शी बनाउन तथा अन्य व्यवस्थापकिय कार्य गर्न विभिन्न व्यस्थापन स्तरीय समितिहरु गठन गरिएको छ।

### १८.१ सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति

बैंकको सम्पत्ति तथा दायित्वको उचित व्यवस्थापन, तरलता व्यवस्थापन, कर्जा तथा निक्षपको ब्याजदर निर्धारण तथा परिवर्तन, विभिन्न लगानी योग्य लगानीको आवश्यक मुल्याङ्कन गरि लगानी गर्ने, GAAP Analysis, गर्ने प्रयोजनार्थ प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा नायब प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत, कर्जा विभाग प्रमुख, बजार व्यवस्थापन प्रमुख तथा वित्त विभाग प्रमुख सदस्य सचिव सहितको सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति (ALCO) रहेको छ। समितिको समीक्षा अवधिमा २२ वटा बैठक बसेको थियो। उक्त बैठक वापत भत्ता दिने गरिएको छैन।

### १८.२ मानव संसाधन पदपूर्ती समिति

विद्यमान प्रतिस्पर्धात्मक बैंकिङ्ग क्षेत्रमा सफलता हासिल गर्नका लागि दक्ष कर्मचारीहरुको दक्ष जनशक्तिलाई भर्त्ती गरी विभिन्न शाखा, प्रादेशिक कार्यालय, इकाइ, विभागहरुमा नियुक्ति दिने, सरुवा, बढुवा, पदोन्नती लगायत कर्मचारी सम्बन्धित काम कारबाही गर्न, नीति नियमहरुमा आवश्यक सल्लाह सुझाब दिन, कर्मचारी दनशक्ति अभिबृद्धि, Succession Plan तयारी लागु गर्ने प्रयोजनार्थ नायब प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा, कर्जा विभाग प्रमुख तथा मानव विभाग विभाग प्रमुख सदस्य सचिव सहितको मानव संसाधन पदपूर्ती समिति रहेको छ। समितिको समीक्षा अवधिमा ४५ वटा बैठक बसेको थियो। उक्त बैठक वापत भत्ता दिने गरिएको छैन।

### १८. आर्थिक निर्देशन समिति

बैंकलाई आवश्यक पर्ने विभिन्न मालसामान, निमार्ण/पुननिमार्ण, परामर्श सेवा तथा अन्य आवश्यक वस्तु तथा सेवाहरु खरिद प्रकियामा प्रतिस्पर्धा, स्वच्छता इमान्दारीता, जवाफदेहीता र विश्वनीयता प्रवधन गरी मितव्ययी तथा विवेकपुर्ण ढङ्गबाट खर्चको अधिकतम प्रतिफल हासिल गर्न र बैंकले निमार्ण कार्य गर्दा गराउँदा, मालसामन, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपुर्तिकर्ता, निमार्ण व्यवसायी वा सेवा प्रदायकलाई बिना भेदभाव बैंकको खरिद पक्रियामा सहभागी गराई समान अवसर सुनिश्चत गरी न्युनतम लागतमा गुणस्तरीय खरिद कार्य गर्ने गरी प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतहरु, संचालन विभाग प्रमुख, वित्त तथा लेखा विभाग प्रमुख र सामान्य सेवा विभाग प्रमुख सदस्य सचिव सहितको आर्थिक निर्देशन समिति रहेको छ। समितिको समीक्षा अवधिमा ८७ वटा बैठक बसेको थियो। उक्त बैठक वापत भत्ता दिने गरिएको छैन।

### १८.४ खरिद समिति

बैंकलाई आवश्यक पर्ने विभिन्न मालसामान, निमार्ण/पुननिमार्ण, परामर्श सेवा तथा अन्य आवश्यक वस्तु तथा सेवाहरु सामान्य सेवा विभागले पहिचान गरेको विभिन्न आपूर्तिकर्ता वा सेवा प्रदायकको वस्तु वा सेवाको  गुण, लागत प्रभावकारीता, दक्षता, जोखिमस्तर, तथा विश्वसनियताको मूल्यांकन गरी सबैभन्दा उपयुक्त आपूर्तिकर्ता वा सेवा प्रदायकसंग बस्तु वा सेवाहरुको प्रभावकारिता, दक्षता र अर्थ व्यवस्था सम्बन्धी मापदण्ड पुरा गरी खरिद गर्ने गरेको छ। समितिको समीक्षा अवधिमा १६३ वटा बैठक बसेको थियो। उक्त बैठक वापत भत्ता दिने गरिएको छैन।

## १९. लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियत र सो उपर सञ्चालक समितिको प्रतिक्रिया

आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता र प्रभावकारिता राख्नको लागि सञ्चालक समिति जिम्मेवार छ। त्यस्तो पर्याप्तता र प्रभावकारितालाई ध्यानमा राख्दै सञ्चालक समितिले बैंकको व्यवसायलाई व्यवस्थित आधारमासञ्चालन गर्न जोखिमलाई सन्तुलित बनाउनु पर्छ र आन्तरिक नियन्त्रण प्रणालीहरू मुख्यतया बैंकको जोखिम बहन गर्न सक्ने सीमाहरू र सूचकहरूबाट हुने कुनै विचलनलाई हाइलाइट गर्नका लागि डिजाइन गरिएको हुनुपर्छ। आन्तरिक नियन्त्रण प्रणालीले केवल वित्तीय जानकारी र अभिलेखमा भएको गल्तीवा धोखाधडीको बिरुद्ध उचित जानकारी प्रदान गर्न सक्दछ, तर पूर्ण आश्वासन दिन सक्दैन। सञ्चालक समितिले आन्तरिक नियन्त्रण प्रणलीलाई प्रभावकारी बनाउन अन्य समितिहरु गठन गरेको छ। लेखापरिक्षण समितिले बैंकको आन्तरिक नियन्त्रण प्रणालिको पर्याप्तता र निष्ठाको समिक्षा गरि सञ्चालक समितिलाई प्रतिवेदन पेश गर्छ। आन्तरिक लेखा परिक्षण विभागले बैंकले निति र प्रकृयालाई अनुपालन गरे नगरेको यकिन गरि आन्तरिक नियन्त्रण प्रणालिको प्रभावकारिताको समिक्षा गरि लेखापरिक्षण समितिलाई प्रतिवेदन पेश गर्दछ जुन पछि सञ्चालक समितिले समिक्षा गर्दछ। विभिन्न व्यवस्थापन स्तरिय समितिहरु गठन गरिएको छ। बैंकले आन्तरिक नियन्त्रण

प्रणालीलाई प्रभावकारी बनाउन नीति, नियम र निर्देशनहरु जारि गरेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन २०८० को आवश्यकता बमोजिम आन्तरिक नियन्त्रण प्रणाली अझ प्रभावकारी बनाउन बैंकले थप नितिहरु बनाउने प्रकृयामा छ।

## २०. बैंकको कारोवारलाई असर पार्ने मुख्य कारकहरू

बैंकको कारोवारलाई असर पार्न सक्ने विभिन्न किसिमका जोखिमहरूलाई तल प्रस्तुत गरिएको छ :

- देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू।
- राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने सम्भावित जोखिमहरू।
- नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने सम्भावित जोखिमहरू।
- विदेशी विनिमय कारोवार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू।
- तरलतामा हुने उतार चढावका कारणले निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तन तथा लगानी योग्य तरलताको अभावबाट व्यवसाय वृद्धिमा आउन सक्ने जोखिमहरू।
- निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू।
- कर्जा असुली नभई उत्पन्न हुने जोखिमहरू।
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दी तथा अन्य विश्व घटनाबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू।
- पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू।
- वैकल्पिक लगानी क्षेत्रको अभाव।
- विप्रेषण आयमा आउन सक्ने उतार चढावबाट अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परी सिर्जना हुनसक्ने जोखिमहरू।
- देशको राजनीतिक अस्थिरताले पर्न सक्ने असरहरू।
- तीब्र बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू।
- सम्पत्ति शुद्धीकरणलाई रोक्नका लागि देशमा केन्द्रीकृत तथ्याङ्कहरू तथा पर्याप्त प्रविधिहरूको अभावका कारण हुन सक्ने जोखिम।
- सूचना प्रविधिको विकास सँगै जोडिएका सञ्चालन जोखिम सम्बन्धी चुनौतीहरू।

## २१. भावी कार्यक्रमहरू

भावी कार्यक्रम अन्तर्गत बैंकले पञ्च वर्षीय रणनैतिक योजना तयार गरि सोही अनुसार अगाडि बढेको छ। बैंकले आगामी वर्षमा गर्ने प्रमुख कामहरु निम्नानुसार रहेका छन् :

- विज्ञापन तथा व्यापार प्रवर्द्धन कार्यक्रमद्वारा बैंकले आफ्नो Brand विस्तार गरी व्यापार बढाउँदै जाने।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत् विभिन्न थप कार्यक्रमहरू सञ्चालन गर्ने र बैंकलाई समाजको जिम्मेवार संस्थाको रुपमा परिचित गराउँदै बैंकको Brand लाई थप सबल बनाउने।
- बैंकको सेवाहरु तथा ग्राहकहरुको कारोवारलाई छिटो छरितो र सुरक्षित बनाउनका लागि बैंकिङ्ग सफ्टवेरलाई अझै प्रभावकारी बनाउदै आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्दै जाने।
- निक्षेपको औसत ब्याजदरमा कमी ल्याउने किसिमले निक्षेपका नयाँ योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने र व्यक्तिगत निक्षेपकर्ताहरूको आधार वृद्धि गर्दै संस्थागत निक्षेपतर्फको निर्भरता कम गर्दै लैजाने।
- बैंकिङ्ग क्षेत्रमा जोखिमको रुपमा विषेश रुपले हेरिएको AML, KYC, ATM Card Fraud, लगायतका कार्यहरुलाई दुरुस्त राख्नका लागि विशेष सावधानीका उपायहरु अवलम्वन गर्ने।
- कर्जाको गुणस्तर सुधार गर्ने र कर्जा विस्तार गर्दा कृषि, उर्जा, पर्यटन लगायत साना तथा घरेलु उद्योग, उत्पादनमुलक क्षेत्रमा लगानी वृद्धि गर्ने।
- कर्मचारीहरूको दक्षता अभिवृद्धि को लागि नियमित रुपमा तालिम दिई मानव संसाधनको विकास गर्ने।
- नेपाली श्रोत तथा साधनमा आधारित उद्यागे धन्दा, उत्पादनशील क्षेत्र, कृषि, पयर्टन, जलविद्युत लगायतका क्षत्रेमा कर्जा विस्तार गर्ने।
- डिजिटल बैंकिङ्गको क्षेत्रमा विकसित नविनतम प्रविधिलाई यस क्षेत्रमा बढ्दो जोखिमको पक्षलाई समेत विचार गरी आवश्यकता अनुसार लागू गर्ने र बैंकको आन्तरिक प्रणाली लगायत सेवा सुविधालाई यथासम्भव डिजिटल माध्यममा परिणत गर्ने।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै जोखिम न्यूनीकरणमा विशेष ध्यान दिने। जोखिममा आधारित व्यवस्थापकीय निर्णय लिने संस्कारलाई प्रभावकारी रुपमा लागु गर्ने।

- बैंकले लगानी विविधिकरण गर्ने नीति अनुरुप उपयक्तु सहायक कम्पनी खोल्ने तथा अन्य लगानीको श्रोतहरूको पहिचान गर्ने ।

**२२. कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरणहरुलाई यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची 'क' मा राखिएको छ ।**

**२३. धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (२) साग सम्बद्ध विवरण यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची 'ख' मा राखिएको छ ।**

**२४. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

बैंकले २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु. ४,१७१,३१८,६०० (अक्षरेपी चार अर्ब सत्र करोड तेह्र लाख अठार हजार छ सय मात्र) को ४ प्रतिशत अर्थात रु.१६६,८५२,७४४/- (अक्षरेपी सोह्र करोड अठसट्ठी लाख बाउन्न हजार सात सय चौवालिस मात्र) बराबरको नगद लाभांश र ३ प्रतिशत रु. १२५,१३९,५५८/- (अक्षरेपी बाह्र करोड एकाउन्न लाख उनन्चालिस हजार पाँच सय अन्ठाउन मात्र) बराबरको बोनस शेयरवितरण गर्न प्रस्ताव गरिएको छ ।

**२५. धन्यवाद ज्ञापन**

यस बैंक प्रति निरन्तर रुपमा विश्वास गरी सौहार्दपूर्ण वातावरणमा कारोवार गर्दै आउनु भएका हाम्रा आदरणीय सम्पूर्ण ग्राहकवर्गहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । ग्राहक महानुभावहरूबाट बैंकलाई प्राप्त हुँदै आएको सकृय सहयोगको उच्च मुल्याङ्कन गर्दै आउँदा दिनहरूमा आफ्ना ग्राहकवर्गहरूलाई थप स्तरीय सेवा प्रदान गर्न हामी कटिबद्ध रहेका छौं ।

बैंक सञ्चालनका लागि आदरणीय शेयरधनी महानुभावहरूले हामीलाई सुम्पनु भएको गहनतम अभिभारालाई इमान्दारीपूर्वक वहन गर्न कटिवद्ध रहेको व्यहोरा अवगत गराउदै यस बैंकको उन्नति र प्रगतिको लागि शेयरधनीहरूबाट प्राप्त निरन्तर सहयोग, समर्थन र प्रेरणा प्रति कृतज्ञता व्यक्त गर्दै यहाँहरूबाट निरन्तर सहयोग र सद्भाव पाउने विश्वास सहित बैंकको चौतर्फी प्रगतिका निम्ति प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छौं । बैंकको निरन्तर उन्नति एवं उत्तरोत्तर प्रगति तथा सम्वृद्धिका लागि अभिभावकको रुपमा निरन्तर मार्गदर्शन तथा सदा साथ दिनुहुने आदरणीय शेयरधनी महानुभावहरू तथा नियमनकारी निकायहरू नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालयका साथै नेपाल स्टक एक्स्चेन्ज लि., आन्तरिक तथा बाह्य लेखा परिक्षक र अन्य प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउँदै आउनु भएका हाम्रा सहयोगी संम्पूर्ण निकाय तथा महानुभावहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यसै गरी यहाँहरूको साथ पाईरहने विश्वास लिएका छौं ।

अन्त्यमा, बैंकको हितको लागि निरन्तर क्रियाशील भई ग्राहकवर्गको सेवामा संलग्न सम्पूर्ण कर्मचारीहरूले यस बैंकको प्रगति हासिल गर्नको लागि गरेको मेहनत र लगनशिलताको लागि विशेष धन्यवाद दिदै यस सञ्चालक समिति आउँदा वर्षहरुमा सबैसँग यस्तै सहयोगको अपेक्षा राख्दछ ।

**सञ्चालक समितिको तर्फबाट**
**राजेश उपाध्याय**
**अध्यक्ष**
**मिति : २०८१/०९/२८**

| सूचीकृत संगठित संस्थाको नाम | महालक्ष्मी विकास बैंक लिमिटेड |
|---|---|
| ठेगाना, इमेल र वेभसाइट सहित | अन्नपुर्ण आर्केड-२, दरबारमार्ग, काठमाडौं<br>Email:info@mahalaxmibank.com.np<br>Website: www.mahalaxmibank.com |
| फोन नं. | ०१-५३६८७१९ |
| प्रतिवेदन पेश गरिएको आ.व. | २०८०/८१ |

**१) सञ्चालक समिति सम्बन्धी विवरण**

(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति : श्री राजेश उपाध्याय, २०७८/११/१३

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य) :

| क्र.सं. | शेयर संरचना | शेयर संख्या |
|---|---|---|
| १ | संस्थापक | २,१२,७३,७२४/८५ |
| २ | सर्वसाधारण | २,०४,३९,४६१/१५ |
| ३ | अन्य | - |
| | जम्मा | ४,१७,१३,१८६/- |

**(ग) सञ्चालक समिति सम्बन्धी विवरण :**

| क्र.सं. | सञ्चालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद, तथा गोपनियताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरीका | बोर्डलाई जानकारी गराएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | श्री राजेश उपाध्याय | संस्थापक | ५५,८६५ (संस्थापक)<br>२३,३३२ (साधारण) | २०७८/११/१३ | २०७८/११/१६ | निर्वाचित | २०७८/११/१५ |
| २ | श्री सञ्जय गिरी | संस्थापक | ५,५६,७६३ (संस्थापक)<br>१,३६,५४२ (साधारण) | २०७८/११/१३ | २०७८/११/१६ | निर्वाचित | २०७८/११/१५ |
| ३ | ग्रोइङ्ग प्रा.लि. को तर्फबाट श्री दिपक कुमार रौनियार | संस्थापक | २,१६५ (संस्थापक)<br>१२७ (साधारण) | २०७८/११/१३ | २०७८/११/१६ | निर्वाचित | २०७८/११/१५ |
| ४ | श्री श्याम सुन्दर रुङ्गटा | सर्वसाधारण | ३,७२८ (साधारण) | २०७८/११/१३ | २०७८/११/१६ | निर्वाचित | २०७८/११/१५ |
| ५ | श्री रुपेन्द्र पौडेल | सर्वसाधारण | ४,९५२ (साधारण) | २०७८/११/१३ | २०७८/११/१६ | निर्वाचित | २०७८/११/१५ |
| ६ | श्री राहुल अग्रवाल | सर्वसाधारण | ७७७ (साधारण) | २०७८/११/१३ | २०७८/११/१६ | निर्वाचित | २०७८/११/१५ |
| ७ | श्रीमति अम्बिका श्रेष्ठ | स्वतन्त्र सञ्चालक | नभएको | २०७८/०३/२१ | २०७८/०३/२४ | मनोनित | २०७८/०३/२० |

**(घ) सञ्चालक समितिको बैठक**

▶ सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण :

| क्र.सं. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०८०/०४/१७ | ७ | छैन | २०७९/०४/०६ |
| २ | २०८०/०५/२२ | ६ | छैन | २०७९/०४/१६ |
| ३ | २०८०/०५/२७ | ७ | छैन | २०७९/०४/२० |
| ४ | २०८०/०५/२९ | ७ | छैन | २०७९/०४/२३ |
| ५ | २०८०/०६/२१ | ५ | छैन | २०७९/०५/०८ |
| ६ | २०८०/०७/०३ | ७ | छैन | २०७९/०५/२७ |
| ७ | २०८०/०७/२१ | ६ | छैन | २०७९/०६/०७ |
| ८ | २०८०/०८/०६ | ७ | छैन | २०७९/०६/२७ |
| ९ | २०८०/०८/१५ | ७ | छैन | २०७९/०७/०४ |
| १० | २०८०/०८/२७ | ५ | छैन | २०७९/०७/२३ |
| ११ | २०८०/०९/०३ | ७ | छैन | २०७९/०७/३० |
| १२ | २०८०/०९/०६ | ७ | छैन | २०७९/०८/१५ |
| १३ | २०८०/०९/१६ | ७ | छैन | २०७९/०९/०१ |
| १४ | २०८०/०९/२८ | ७ | छैन | २०७९/०९/०६ |
| १५ | २०८०/१०/१० | ७ | छैन | २०७९/०९/०७ |
| १६ | २०८०/१०/२० | ६ | छैन | २०७९/०९/१८ |
| १७ | २०८०/१०/२३ (बिहान) | ७ | छैन | २०७९/०९/२५ |
| १८ | २०८०/१०/२३ (बेलुका) | ७ | छैन | २०७९/१०/०६ |
| १९ | २०८०/११/०४ | ६ | छैन | २०७९/१०/१३ |
| २० | २०८०/११/१८ | ६ | छैन | २०७९/१०/२० |
| २१ | २०८०/१२/०५ | ६ | छैन | २०७९/११/११ |
| २२ | २०८०/१२/२३ | ७ | छैन | २०७९/११/१७ |
| २३ | २०८१/०१/१६ | ७ | छैन | २०७९/१२/०१ |
| २४ | २०८१/०२/१३ | ७ | छैन | २०७९/१२/०६ |
| २५ | २०८१/०२/२५ | ६ | छैन | २०७९/१२/२३ |
| २६ | २०८१/०३/०९ | ७ | छैन | २०८०/०१/१० |
| २७ | २०८१/०३/२५ | ७ | छैन | २०८०/०१/२१ |
| २८ | | | | २०८०/०२/२४ |
| २९ | | | | २०८०/०२/३२ |
| ३० | | | | २०८०/०३/०४ |
| ३१ | | | | २०८०/०३/१९ |
| ३२ | | | | २०८०/०३/२४ |
| ३३ | | | | २०८०/०३/२८ |

▶ **कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण:** नभएको

▶ सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :

| | |
|---|---|
| संचालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए-नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने) | वैकल्पिक सञ्चालक नभएको |
| संचालक समितिको बैठकमा उपस्थित सञ्चालकहरु, छलफल भएको विषय र ततसम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको | निर्णयको छुट्टै अभिलेख राखेको |
| सञ्चालक समितिको दुई लगातार बसेको वैठकको अधिकतम अन्तर (दिनमा) | ३६ दिन । |
| संचालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति | २०७९/०९/३० |
| सञ्चालक समितिको प्रति बैठक भत्ता रु. | अध्यक्ष रु १२,०००।– <br> सञ्चालक रु ११,०००।– |
| आ.व.को संचालक समितिको कुल बैठक खर्च रु. | १९,८५,०००/- |

२) सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको: | भएको |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण : | नभएको |

सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजगी कार्यक्रम सम्बन्धी विवरण :

| क्र.सं. | विषय | मिति | सहभागी सञ्चालकको संख्या | तालिम संचालन भएको स्थान |
|---|---|---|---|---|
| १. | Corporate Governance, Risk,AML/CFT and Regulatory compliance | २०८०/०९/१४ | ७ | Hattiban Himalayan Height Resort, Pharping Dakshinkali, Kathmandu |

प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण :

| | |
|---|---|
| संस्थासाग निज वा निजको एकाघरको परिवारको कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण, | जानकारी गराएको |
| निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण, | जानकारी गराएको |
| निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण, | ब्यक्तिगत फाईल अनुसार श्री राजेश उपाध्यायको ICFCPO मा संस्थापक शेयर रहेको |
| निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सोको विवरण । | पदाधिकारी वा कर्मचारीको हैसियतमा नरहेको |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलबी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण: | जानकारी नभएको |
| संचालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरियको भए सोको विवरण: | जानकारी नभएको । |

३) संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण: भएको

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी :

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री रुपेन्द्र पौडेल, सञ्चालक | संयोजक |
| २. | श्री दिपक रौनियार, सञ्चालक (लेखापरीक्षण समितिका संयोजक) | पदेन सदस्य |
| ३. | केन्द्रीय कार्यसञ्चालन विभागका प्रमुख | सदस्य |
| ४. | प्रमुख जोखिम अधिकृत | सदस्य सचिव |

**(आ) समितिको बैठक संख्या** : ३४

**(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण** :

विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तताका सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने उद्देश्यले जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । समितिले व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनका लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको पुनरावलोकन तथा पर्याप्तता एवम् व्यवस्थापनबाट प्राप्त हुने जोखिम व्यवस्थापन प्रतिवेदनको विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने गरिएको छ । त्यस्तै, देशको विद्यमान अर्थतन्त्रको अवस्थाको कारणले संस्थामा पर्नसक्ने असर को सम्बन्धमा सञ्चालक समितिमा राय सुझाव पेश गर्ने गरिएको छ ।

**(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको:**

आन्तरिक नियन्त्रण पद्धतीलाई व्यवस्थित बनाउन संस्थाले विभिन्न कार्यविधीहरु बनाई लागु गरेको छ ।

**(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण:**

आन्तरिक नियन्त्रण पद्धतीलाई सुदृढ गर्न सस्थामा संचालक तथा व्यवस्थापन स्तरीय विभिन्न समितिहरुको गठन गरिएको छ ।

**(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण:**

**(अ) संचालक स्तरीय समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)**

**१. लेखापरीक्षण समिति (सञ्चालक स्तरीय)**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री दिपक कुमार रौनियार, सञ्चालक | संयोजक |
| २. | श्री राहुल अग्रवाल, सञ्चालक | सदस्य |
| ३. | आन्तरिक लेखा परीक्षण विभागका प्रमुख | सदस्य सचिव |

- समितिको बैठक संख्या : ४१
- **समितिको कार्य सम्बन्धी छोटो विवरण** :

